# परिच्छेद एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमी

शिक्षाका विषयमा विभिन्न परिभाषा छन् । हिन्दु दर्शनले शिक्षालाई अज्ञानताबाट मुक्ति र मोक्ष प्राप्तिका रुपमा प्रस्तुत् गरेको छ । बुद्ध दर्शनमा चार आर्य सत्य (दुखको उत्पति, परिभाषा, अनुभव र निर्वाण प्राप्ति) तथा ज्ञान, शील र समाधि प्राप्तिलाई शिक्षा मानिएको छ ।

शिक्षा के हो ? यो प्रश्नको प्राचिन दार्शनिकदेखि विभिन्न चिन्तकका लागि छलफल कै विषय रहँदै आएको छ । किनभने यसको अर्थ निकै व्यापक छ । शिक्षाको उत्पत्ति र विकासलाई विचार गर्दा प्राचिनकाल, मध्यकाल र आधुनिककाल गरी तिनै खण्डका दार्शनिक, शिक्षाविद्, मनोवैज्ञानिक, जीवशास्त्री, राजनीतिज्ञ, शिक्षक, ब्यापारी आदि सबैले आ-आफ्नो ढंगले यसलाई परिभाषित गरेका छन् ।शिक्षा शब्द सिक्ष धातुमा 'आ' प्रत्यय जोडिएर बनेको हो । यसको अर्थ सिक्नु/सिकाउनु भन्ने हुन्छ । शिक्षाको शाब्दिक अर्थ 'विद्या र ज्ञान' हुन्छ । पूर्वीय सन्दर्भमा विद्या शब्द संस्कृतका 'विद्' धातुमा 'य' 'आ' प्रत्यय लागेर बनेको हो । जसको अर्थ 'जान्नु' भन्ने हुन्छ । यसरी 'विद्या'को अर्थ 'ज्ञान' भन्ने हुन्छ । तसर्थ शिक्षाका शाब्दिक अर्थहरुबाट शिक्षा भनेको ज्ञान प्राप्ति वा शिक्षण कला, सीप, प्रवृत्ति र बानीहरुको विकास हो,(नेपाल, २०७२) ।

नेपालमा शिक्षाको इतिहास फर्केर हेर्दा औपचारिक शिक्षा दिने विद्यालय जंगबहादुर राणा बेलायतबाट फर्किएपछि विसं १९१० मा दरबारिया राणाहरुका आफ्ना छोराछोरीलाई अंग्रजी शिक्षा दिलाउन खोलिएको विद्यालय नै हो । शुरुमा यो विद्यालय थापाथलीको आफ्नै दरबारको दाखाचोकको भुइँतलामा सञ्चालन गरिएको थियो । बेलायतको भ्रमण गरेपछि जंगबहादुरलाई बेलायतको चेतना, चिन्तन, विज्ञान प्रविधिको विकास र स्तरको गहिरो छाप परेको थियो । उनले बेलायतको सबै प्रगति शिक्षाबाट नै भएको कुरा बुझेकाले विद्यालय खोल्न चासो राखेका थिए । त्यो भन्दा पहिले नेपालमा औपचारिक

शिक्षा हासिल गर्ने कुनै विद्यालय थिएन । तर दरवार हाइस्कूल जनताको लागि खुल्ला गरिनु भन्दा पहिले भोजपुर जिल्लाको डिङ्लामा बालगुरु षडानन्दले विसं. १९३२ मा डिङ्लामा डिङ्ला डाँडाको जंगल फडानी गरी संस्कृत पाठशाला खोलेर जनताका छोराछोरीहरुलाई अध्यापन गराएका थिए । देशभित्रका नागरिक त के कुरा शासकहरुमा नै अंग्रेजी शिक्षाको ज्ञान शून्य थियो । आम नागरिकहरुमा छोराछोरीहरुलाई पढाउनुपर्दछ भन्ने चेतनासमेत त्यो समयमा थिएन । गरिव, विपन्न, दलित जातिका केटाकेटीहरुले कमारा/कमारीको रुपमा बिक्री हुने प्रथा थियो ।

विद्यालय सञ्चालन गर्नु भनेको नेपालमा त्यस बेला नयाँ र नौलो कुरा थियो । जुन बेलायतमा पहिलोपटक जंगबहादुरले देखेका थिए । यसरी खोलिएको विद्यालय सञ्चालन र अध्यापन गर्नको लागि बेलायतबाट केत्रिन नामका एक शिक्षक मगाइएको थियो । यसरी अध्यापनको काम शुरु भएको विद्यालयमा कक्षा भने एउटै कोठामा राखी अंग्रेजी भाषा सिकाइ विद्यार्थीको योग्यताअनुसार अंग्रेजी, गणित र इतिहासजस्ता विषयहरु पढाउने गरिन्थ्यो । विद्यालयको भवनको कारण कहिले धीर शमसेरको निवास जमल नारायणहिटी दरबारको सानुचोक बैठक, बागदरबारमा पनि पढाउने काम भएको थियो । दरबारिया राणाहरुका मात्र छोराछोरी पढ्ने विद्यालय भएको हुँदा विद्यालयको नाम पनि दरबार स्कूल राखिएको थियो । विसं १९३३ मा रणद्विप श्री ३ महाराज भएपछि राणाहरुसँग पहुँच हुनेहरुका छोराछोरीले समेत पढ्न पाउने व्यवस्था भएको थियो । पछि वीरशमशेरको पालामा रानीपोखरीको किनारमा भवन निर्माण गर्न लगाएका थिए । जुन भवन अहिलेसम्म पनि छ । त्यही दरबार स्कूलबाट नेपालको शिक्षाको शुरुवात भएको हो । शिक्षाको इतिहास हेर्ने हो भने नेपालमा सबै राणाहरुको नाम जोडिएको छ । चन्द्र शमशेरले पछि त्रि-चन्द्र कलेज स्थापना गरे । त्यसपछि खोलिएका अधिकांश स्कूलहरुको नाम पनि राणाहरुकै नामबाट राखिएको छ ।

पृथ्वीनारायण शाहले विसं.१८२६ मा भक्तपुर विजय गरेपछि आधुनिककाल शुरु भयो र नेपालको एकीकरण सफल पार्न सैनिक सुदृढीकरणमा नै विशेष जोड दिइयो । यसबाहेक धर्म, संस्कृति र परम्पराको संरक्षण तथा संस्कृत शिक्षामा सामान्य हरहिसाब र फारसी

शिक्षालाई प्राथमिकता दिइएको देखिन्छ । भीमसेन थापाले आफू प्रधानमन्त्री भएको बेला भारतबाट फ्रेन्च अफिसरलाई बोलाएर आधुनिक सैनिक शिक्षा दिलाएको यथार्थ घटनाबाट पनि तत्कालीन नेपालमा अरु शिक्षालाई भन्दा सैनिक शिक्षालाई प्राथमिकता दिई युद्धकालमा नेपालीहरुलाई प्रशिक्षित बनाउन खोजेको देखिन्छ । जंगबहादुर राणाकै समयमा ल्हासामा चिनियाँ र तिब्बती भाषा सिकाउन र विदेश नीतिसम्बन्धी पाठशाला खोलियो । वीर शमशेरको पालामा विसं. १९४८ मा दरबार स्कूललाई दरबारबाट बाहिर ल्याइयो र भाइभारदार बडागुरुज्यूका सन्तानमा मात्र सीमित नगरी सामान्य नागरिकहरुलाई पनि शिक्षा लिन पाउने गरी खुला गरियो ।

देव शमशेरले नेपालका विभिन्न स्थानमा करीव ५७ वटा सरकारी पाठशालाहरु खोले र शिक्षकको व्यवस्था समेत गरे । उनले लेख्ने सिलोट समेत निःशुल्क वितरण गराएका थिए । अर्का राणा प्रधानमन्त्री चन्द्र शमशेरले ५८ वटा भाषा पाठशाला, नौवटा संस्कृत पाठशाला, एउटा आयुर्वेद पाठशाला र केही अंग्रेजी र साधारण पाठशालासमेत गरी करीव १०८ जति पाठशालाहरु खोलेर नेपालको शिक्षा विकासमा थप योगदान दिएका थिए । त्रि-चन्द्र कलेजको स्थापना नेपाली भाषा प्रकाशिनी समितिको गठन आदि यसका उदाहरण हुन् । राणा प्रधानमन्त्री जुद्ध शमशेरको पालामा पनि केही स्कूलहरु खुलेका थिए । यसरी नेपालमा खोलिएका पाठशाला, स्कूल र कलेजहरुको केही समयअगाडि कलकत्ता र पछि गएर पटनासँग सम्बन्धन लिइएको थियो । प्रधानमन्त्री पद्म शमशेरको पालामा नेपालका विभिन्न स्थानमा शिक्षा केन्द्रहरु खुले । पद्मकन्या कलेज, पद्मोदय हाइस्कूल, त्रिपद्म हाइस्कूल तौलिहवा, पद्म पब्लिक हाइस्कूल पाल्पा आदि यसका उदाहरण हुन् ।

राणाले खोलेका दरबार स्कूलको सम्बन्धन शुरुमा कलकत्ता विश्वविद्यालय र पछि पटना विश्वविद्यालयबाट सम्बन्धन गरी विद्यार्थीहरुलाई एसएलसी परीक्षा दिन लगाइएको थियो । नेपालबाट नै एसएलसी परीक्षा दिने व्यवस्था २००३ सालबाट मात्र भएको हो । २००७ सालमा राणा शासन अन्त्य भएपछि काठमाडौं उपत्यका बाहिर पनि विद्यालय खुल्ने क्रम बढ्न थाल्यो । खोलिएका विद्यालयका नाम पनि फेरिन थाले । ०२४ सालमा दरबार स्कूल पनि भानु माध्यमिक भयो । राणाहरुको पालामा विद्यालयमा विशेष गरी

अंग्रेजी, गणित, भूगोल र इतिहासका किताब पढाउने गरिन्थो । कक्षा चारसम्म परीक्षा मौखिक हुने र ५ कक्षादेखि लिखित परीक्षा हुने गर्दथ्यो । नेपाली विषयमा बाहेक अन्य विषयमा प्रश्नपत्र अंग्रेजीमा दिने गरिन्थो । उत्तर पनि अंग्रेजीमा दिनुपर्दथ्यो । वार्षिक र अर्धवार्षिक गरी दुईपटक परीक्षा लिने गरिन्थो । सबै विषयको परीक्षामा पास भएपछि मात्र माथिल्लो कक्षामा पढ्न पाउने व्यवस्था थियो । यसरी पढाइएका विद्यार्थीहरुलाई भारतको कलकत्ता विश्वविद्यालयबाट सम्बन्धन मिलाई एसएलसी परीक्षाको व्यवस्था मिलाउने गरिन्थो । नेपालमा एसएलसी परीक्षाको इतिहास फर्केर हेर्ने हो भने ८१ वर्ष भएको छ । विसं. १९३६ देखि १९७९ सम्म ४४ वर्षसम्म एसएलसी परीक्षा कलकत्ताबाट लिइएको थियो । पछि गएर पटनाबाट पनि परीक्षा दिने व्यवस्था मिलाउँदै अहिलेको अवस्थामा एसएलसी परीक्षा आएको हो,(पौडेल, सन् २०१३) ।

वि.सं. २०२८ सालमा नेपालमा नयाँ शिक्षा योजना लागु भयो । शिक्षालाई केन्द्रदेखि गाउँसम्म पुऱ्याउनुपर्दछ भन्ने मान्यताअनुसार विद्यालयहरु खोल्दै लगियो । शुरुमा चितवन र कास्की जिल्लाबाट शुरु गरिएको नयाँ शिक्षा योजना २०३२ सालसम्म सबै जिल्लाहरुमा लागु गरी विद्यालय नभएको ठाउँमा विद्यालय खोल्न आवश्यक शिक्षकको व्यवस्था सरकारले गर्दै आयो । दुर्गम दूरदराजका गाउँघरमा पनि प्राथमिक विद्यालयहरु खोलिए । विद्यालयलाई प्रावि, निमावि र मावि गरी तीन तहमा वर्गीकरण गरियो । नयाँ शिक्षाले नेपालमा शिक्षाको विकास भन्दा पनि प्रचार भएको अनुभव हुन्छ । नेपालमा नयाँ शिक्षाले चारित्रिक, वैदिक र विषयगत दक्षताको शिक्षा दिलाउन सकेन । राजनीतिक हिसाबले त्यतिबेला विद्यालय खोल्ने होडबाजी चल्न थाल्यो । विद्यालय सञ्चालन गर्ने सरकारले बनाएको विनियमलाई बेवास्ता गर्दै चुनावको समयमा त्यतिबेलाका पञ्चहरुले विद्यालय खोल्दै गए । शुरुमा विषयगत शिक्षकको अभाव हुँदा कतिपय जिल्लामा अंग्रेजी, विज्ञान, गणितजस्तो विषय पढाउने शिक्षक भारतबाट समेत ल्याउने गरिएको हाम्रो शिक्षाको इतिहास छ ।

२०२८ सालभन्दा अगाडि गाउँमा खोलिएका विद्यालयमा धान, मकै, कोदो, गहुँ आदि अन्न र राडी, पाखीजस्ता घरेलु उत्पादन वस्तु लिएर पढाउँदै आएका शिक्षकहरु नयाँ

शिक्षा लागु भएपछि सरकारले विद्यालयमा शिक्षकहरुलाई तलव दिन थालेपछि दंग पर्दै अब हुने भयो शिक्षाको विकास भनी प्रचारमुखी बन्न थाले । तर नयाँ शिक्षाले पनि नेपालमा गुणात्मक शिक्षाको विकास हुन सकेन । शिक्षाको स्तर दिनप्रतिदिन घट्दै गयो । कतिपय विद्यालयमा प्रयोगात्मक सामग्री नहुने, कतै भए पनि शिक्षकले प्रयोगमा ल्याउन नसक्ने हुँदा त्यतिबेला युनिसेफले दिएको विज्ञान शिक्षाका प्रयोगात्मक सामग्रीमा खिया लागि नष्ट भएका धेरै उदाहरण भेटिन्छन् । शिक्षाको स्तर माथि आउन नसकेपछि क्रमिकरुपमा निजी क्षेत्रको लगानीमा बोर्डिङ स्कूलको शुरुवात नेपालमा बढ्न थाल्यो । शहरी क्षेत्रबाट शुरु भएको निजी क्षेत्रका बोर्डिङले अहिले गाउँघर र दुर्गम, सुगम सबै क्षेत्रमा खुलेका छन् । बोर्डिङ शिक्षाले झन् दुईखाले स्तर सोचको विकास भएको छ । हुनेखाने अथवा सम्पन्न घरपरिवारले आफ्ना छोराछोरीलाई बोर्डिङमा अध्यापन गराउने र विपन्नन वर्गका छोराछोरीले सरकारी विद्यालयमा पढाउनुपर्ने बाध्यताले नेपालको शिक्षामा समानता हुन सकेको छैन । शिक्षाको लागि नेपालमा अहिलेसम्म विदेशी दातृ निकायहरुले अरबौंको रकम लगानी गरिसकेका छन् । शिक्षकहरुलाई तलव, भत्तादेखि लिएर भौतिक संरचना निर्माण गर्न पनि सहयोग आएकै छ । तर पनि विद्यालयमा सबै कुराको अभाव भइराखेको छ ।

शिक्षा नियमावली समय-समयमा फेरिरहने, पाठ्यक्रमअनुसार विषयगत शिक्षक नपाउनु कारणले पनि शिक्षामा गुणात्मक विकास हुनसकेको छैन । अर्कोतर्फ राम्रो शिक्षा हासिल गरेका विद्वानहरुलाई राज्यले विषयअनुसारको रोजगारी दिन नसक्दा प्रत्येक वर्ष् विद्वानहरु विदेशिने क्रम बढ्दो छ । शिक्षाको विकाससँगै रोजगारीको अवसर राज्यले उपलब्ध गराउँदै जानुपर्दछ ।

राज्यले अहिले उच्च शिक्षालाई अन्तर्राष्ट्रियस्तरमा लैजाने प्रयासअनुरुप क्याम्पसहरुबाट प्रमाणपत्र तहलाई विस्तापित गरी विद्यालय शिक्षामा तह थप्ने उद्देश्यसहित २०४९ सालमा उच्च माध्यमिक शिक्षा परिषद् स्थापना गरियो । यसअनुसार विद्यालयहरुलाई प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक गरी चारवटा तह निर्धारण अहिले भएको छ । जसमा सरकारले १-८ लाई प्राथमिक र ९-१२ लाई माध्यमिक तह

निर्धारण गरेर निम्न माध्यमिक र उच्च माध्यमिक तहलाई खारेज गरेर विद्यालयहरुलाई दुई तहमा मात्र सीमित गर्ने नीति ल्याएको छ । यसको कार्यान्वयन र प्रभावकारितालाई हेर्न भने भविष्यलाई पर्खिनुपर्छ । शिक्षा विभागको तथ्यांकअनुसार नेपालमा हाल प्रावि १-५ संख्या २० हजार चार सय ९४ निमावि १-८ संख्या चार हजार चार सय १५, मावि १-१० संख्या चार हजार सात सय नौ र उमावि १-१२ को संख्या दुई हजार पाँच सय १२ गरी जम्मा ३२ हजार एक सय ३० विद्यालयहरु देशभर सञ्चालित छन् ।

त्यसैगरी उच्च शिक्षा अध्ययन गर्नको लागि नेपालमा विसं. २०१६ सालमा स्थापना भएको त्रिभुवन विश्वविद्यालयले मुलुकभर ६० भन्दा बढी आंगिक र हालसम्म आठ सय २१ भन्दा बढी सम्बन्धन प्राप्त क्याम्पस सञ्चालनमा आएका छन् । अहिले नेपालमा त्रिभुवन विश्वविद्यालयसमेत १० वटा विश्वविद्यालयले उच्च शिक्षा दिलाइराखेका छन् । नेपालको दोस्रो विश्वविद्यालय नेपाल संस्कृत विश्वविद्यालय हो । यो विश्वविद्यालयको केन्द्रीय कार्यालय दाङ जिल्लाको बेलझुण्डीमा रहेको छ । यो विश्वविद्यालयअन्तर्गत १४ वटा आंगिक र ११ वटा सम्बन्धन प्राप्त क्याम्पस सञ्चालनमा छन् । नेपालको पहिलो प्राइभेट विश्वविद्यालय काठमाडौं विश्वविद्यालय हो । विश्वविद्यालयमा पहिलो क्षेत्रीय विश्वविद्यालय पूर्वाअञ्चल हो । त्यसपछि क्रमशः पोखरा विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, लुम्बिनी विश्वविद्यालय, नेपाल कृषि तथा वन विश्वविद्यालय र खुला विश्वविद्यालयहरु सञ्चालनमा आउन थालेका छन् । यसरी खुल्दै गएका विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी मुलुकभरि सञ्चालनमा आएका क्याम्पसहरुबाट गाउँ र बस्तीका विद्यार्थीहरुले पनि उच्च शिक्षा हासिल गर्ने अवसर प्राप्त गरेका छन् । अहिले शिक्षाको क्षेत्रमा देशले धेरै फड्को मारेको देखिन्छ । तर पनि गुणात्मक शिक्षाको देशले खाँचो महसुस गरिरहेको छ । शिक्षा हासिल गर्न स्वदेश मात्र नभएर विदेशका विश्वविद्यालयमा जानेहरुको संख्या पनि प्रत्येक साल बृद्धि हुँदै गएको छ, (मसाल, २०१४) ।

शिक्षामा प्रतिस्पर्धा बढ्दो अवस्थामा रहेको छ । अहिले नेपाली विद्यार्थीहरु विदेशमा गई अध्ययन गर्न चाहन्छन् । विदेशमा शिक्षा हासिल गर्न अंग्रेजी माध्यमले महत्वपूर्ण भूमिका खेल्ने भएकाले अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई बोर्डिङ्ग-स्कूलमा अध्ययन गराउँदा समाजमा इज्जत बढने, प्रतिष्ठा बढ्ने र आत्मागौरव बढ्ने जस्ता भावनाको कारण पनि सार्वजनिक विद्यालयमा विद्यार्थीहरुको संख्या दिन प्रतिदिन घटिरहेको पाइन्छ ता कि अहिले आएर अंग्रेजी शिक्षाले बढ्ददो लोकप्रियता हासिल गरेको पाइन्छ ( शर्मा २०६२) ।

देशमा राजनैतिक परिवर्तनसँगै शिक्षकका संगठनहरु पनि विभाजित हुदैं जाने र शिक्षकहरु बीच एकता हुनुको साटो फुटको स्थिति सिर्जना हुने, सहयोगी भावनाको विकास गर्नु भन्दा असहयोगी भावनाको विकास हुने, विद्यार्थीहरुको पढाइप्रति चिन्तित हुनुको साटो राजनैतिक संगठनको कार्यक्रममा अग्रसर हुने जस्ता कारणले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर खस्कदै गइरहेको पाइन्छ । जसले गर्दा सार्वजनिक विद्यालयमा भर्ना हुने विद्यार्थीको संख्या क्रमशः घट्दै गइरहेको वास्तविक परिवेश पाइन्छ । सरकारी विद्यालयहरुमा विद्यार्थीहरुलाई निःशुल्क शिक्षा दिने व्यवस्था भएपनि अंग्रेजी माध्यमद्धारा शिक्षा लिने मोहका कारण सार्वजनिक विद्यालयहरुमा विद्यार्थीको संख्या घट्दै जाने अवस्था देखा परेको पाइन्छ । यसै कुरालाई मध्यनजर गर्दै अहिले आएर विद्यार्थीहरुको शैक्षिक उपलब्धि एवम् उनीहरुको शिक्षण सिकाइ क्रियाकलापलाई मध्यनजर गरे जान्ने विद्यार्थीलाई अंग्रेजी माध्यम र नजान्ने विद्यार्थीलाई नेपाली माध्यममा विभाजन गरिएको छ । विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गराउनका लागि अंग्रेजी माध्यमको विकास गरी बालबालिकाहरुलाई अंग्रेजी शिक्षा प्रदान गर्ने अभिप्रायले सामुदायिक विद्यालयहरुमा पनि अंग्रेजी शिक्षा उपलब्ध गराइएको छ । अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि के कस्तो रहेको छ ? भन्ने कुरालाई दृष्टिगत गरेर उक्त विद्यालयमा विद्यार्थी शिक्षण क्रियाकलापको अवस्था, शिक्षकको योग्यता, विद्यार्थीको पढाइ प्रतिको रुचि, अभिभावकको अंग्रेजी शिक्षाप्रतिको आकर्षण जस्ता

कुराहरुमा गहन अध्ययन अनुसन्धान गर्ने अभिप्रायले अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि नामक शीर्षकमा प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

**१.२. समस्याको कथन**

शिक्षा त्यो हो जसको प्राप्तिबाट व्यक्तिले भोलिका दिनमा आफ्नो उज्वल भविष्य निर्माणका लागि सफल भऱ्याङ खडा गर्न सफल रहेको हुन्छ । शिक्षा नै व्यक्तिको व्यवहार परिवर्तन गर्ने प्रमुख साधन भएकाले शिक्षा सर्वसुलभ, एवम् गुणस्तरी हुनुका साथै वर्तमान परिवेश र समय सापेक्षा शिक्षा प्रदान गर्नु आवश्यक हुन आउँछ । समयको गतिशिलता र परिवर्तनशिलता सँगै मानव समाज पनि परिवर्तन भइरहेको हुन्छ । त्यसैले समयको आवश्यकता एवं चाहना अनुसार शिक्षाको लक्ष्य र उद्देश्यपनि परिवर्तनशील हुँदै जानु,
पर्दछ । त्यसैले व्यक्तिदलाई सही दिशा प्रदान गर्न व्यक्तिको क्षमताहरु र प्रतिभाहरु प्रष्फुटन गराउन उचित शिक्षाको आवश्यकता पर्दछ ।

वर्तमान अवस्थामा नेपाल सरकारबाट शिक्षा १३ देखि १९ प्रतिशत बजेट बिनियोजन गरेको पाइन्छ,(बुढाथोकी,२०७२) । शिक्षामा गरिएको यो लगानी अन्य क्षेत्रका मा सबैभन्दा बढी मात्रामा लगानी हुँदै आएको पाइन्छ । हालमा आएर सामुदायिक विद्यालयहरुमा वर्तमान परिवेशमा अभिभावक तथा बालबालिकाहरुको अंग्रेजी शिक्षाप्रतिको आकर्षणलाई मध्यनजर गरेर धेरैजसो सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट अध्यापन कार्यकलाप सञ्चालन हुँदै आएको पाइन्छ भने कतिपय विद्यालयहरुमा विद्यार्थीको अवस्थालाई मध्यनजर गरेर अंग्रेजी तथा नेपाली माध्यमिबाट अध्यापन कार्यकलाप सञ्चालन गरिँदै आएको छ । विद्यालयमा जे जति मात्रामा लगानी गरिएको छ त्यो अनुसार उपलब्धि हासिल हुन नसकि रहेको अवस्था पाइन्छ । विद्यार्थीको शैक्षिक उपलब्धिलाई वृद्धि विकास गरेर प्रतिस्पर्धात्मक समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरमा विक्न सक्ने जनसक्ति तयार गर्नु पर्ने वर्तमानको आवश्यकता रहेको पाइन्छ । यदि कुनै पनि बालबालिका अध्ययन गरेर केवल किताबी ज्ञानमा मात्र सीमित भए वा प्रमाणपत्रमा मात्र आधारित भए भने उनीहरुले लिएको ज्ञानले कुनै पनि अर्थ राख्न सक्दैन । यिनै कुराहरुलाई

दृष्टिगत गर्दै सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि के कस्तो रहेको छ ? अंग्रेजी माध्यमिबाट अध्यापन गराउँदा के कस्ता चुनौतिहरु रहेका छन् ? अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा विद्यालयमा विद्यार्थीको धारणा के कस्तो रहेको छ ? भोलिका दिनमा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा के कस्ता सम्भावना तथा चुनौतिहरु विद्यालयले सामाना गर्नु पर्ने हुन्छ ? भन्ने जस्ता कुराहरुलाई मुख्य समस्याका रुपमा लिएर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

विशेष गरी सामुदायिक विद्यालयमा भर्ना हुने  बालबालिकाको पारिवारिक अवस्थालाई न्यून आर्थिक अवस्था एवम् अभिभावकमा शिक्षकको चेतना समेत कम भएको अवस्था भेट्न सकिन्छ । कमजोर आर्थिक अवस्था तथा निजी विद्यालयमा भर्ना गर्न असक्षम अभिभावकले मात्र सामुदायिक विद्यालयमा आफ्ना बालबालिकालाई भर्ना गरिरहेको अहिलेको परिवेशमा अभिभावकको अंग्रेजी शिक्षाप्रतिको आकर्षणलाई मध्यनजर गरेर सामुदायिक विद्यालयमा पनि अंग्रेजी माध्यमबाट अध्यापन गराउँदै आएको भए पनि आशातित उपलब्धि हुन नसकि रहेको अवस्थामा अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि नामक शीर्षकमा अध्ययन अनुसन्धान गर्नु प्रस्तुत शोधपत्रको शीर्षक आफैमा समस्यामूलक रहेको छ ।

### १.३. अध्ययनको औचित्य

हाल आएर शिक्षामा अधिकतम मात्रामा प्रतिस्पर्धा रहेको पाइन्छ । शिक्षामा बढ्दो प्रतिस्पर्धासँग प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षाले पनि उत्तिकै मात्रामा गति लिएको पाइन्छ । दक्ष्य र योग्य विद्यार्थी एवम् अभिभावकहरुको चासो आजभोलि बढी मात्रामा अंग्रेजी माध्यमको शिक्षा तर्फ रहेको पाइन्छ । अंग्रजी माध्यमिबाट शिक्षण गराउँदा अन्तर्राष्ट्रिय भाषा भएको कारणले गर्दा भोलिका दिनमा विदेश जानका लागि समेत सहयोग पुग्दछ भन्ने अभिप्रायले अंग्रेजी माध्यमको प्रचलन हालमा बढेको पाइन्छ । आजभोलि सामुदायिक विद्यालयले पनि अंग्रेजी माध्यमको शिक्षालाई बढी प्राथमिकता दिएको पाइन्छ । धेरैजसो विद्यालयहरुमा हालमा आएर अंग्रेजी माध्यमबाट अध्यापन गराउन थालिएको छ । धेरै विद्यार्थी भएका र सेक्सन भएका विद्यालयहरुमा अंग्रेजी  र

नेपाली दुवै माध्यमबाट अध्यापन गराउँदै आएको पाइन्छ । यसरी अंग्रेजी माध्यमबाट अध्यापन गराइएका विद्यालयहरुमा शैक्षिक उपलब्धि के कस्तो रहेको छ ? अंग्रेजी माध्यमबाट शिक्षण गर्दाका चुनौतिहरु के के हुन सक्छन् ? भन्ने जस्ता विविध कुराहरुको जानकारी प्राप्त गर्नका लागि प्रस्तुत शोधपत्र उपयोगी सिद्ध हुने देखिन्छ जसको औचित्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गर्दा के कस्ता चुनौतिहरु रहेका छन् भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि प्रस्तावित शोधपत्रले सहयोग पुऱ्याएको छ । विद्यालयले शैक्षिक योजनाद्धारा गुणस्तरीय शिक्षा प्रदान गर्न उपायहरुको खोजी गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न प्रस्तुत अध्ययनले सहयोग पुऱ्याएको छ । विद्यार्थीहरुको दक्षता र क्षमतालाई अभिवृद्धि गर्न विशेष सहयोग पुऱ्याउन, विद्यालय प्रशासन र शिक्षकहरुलाई मार्ग निर्देशन गर्न प्रस्तुत शोधपत्रले सहयोग पुऱ्याएको छ । अंग्रेजी माध्यमिको शिक्षामा देखिएका चुनौतीलाई न्यूनीकरण गरी सुधारका उपायहरु अपनाउनका लागि यस अध्ययनले सहयोग पुऱ्याएको छ । यस शोध अध्ययन अनुसन्धानसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने जो कोही अनुसन्धानकर्ताका लागि प्रस्तावित शोधपत्र सन्दर्भग्रन्थका रुपमा उपयोगी हुनेछ ।

### १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न रहेका छन् :

१) अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिको वर्तमान अवस्था पहिचान गर्नु ।

२) अंग्रेजी माध्यमका सामुदायिक विद्यालयहरुलाई प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु ।

३) अंग्रेजी माध्यमाट पठन पाठन गराउँदा भेल्नुपरेका समस्याहरुको लेखाजोखा गर्नु ।

४) अंग्रेजी माध्यमबाट पठनपाठन गराउँदा देखिएका समस्याहरुको समाधानका उापयहरु सुझाउनु ।

### १.५. अनुसन्धानात्मक प्रश्नहरु

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्न अनुसारका अनुसन्धानत्मक प्रश्नहरु रहेका छन् ।

१) अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिको वर्तमान अवस्था के कस्तो छ ?

२) किन सामुदायिक विद्यालयले अंग्रेजी माध्यमबाट अध्यापन गराउन थालि रहेका छन् ?

३) अंग्रेजी माध्यमका सामुदायिक विद्यालयलाई प्रभाव पार्ने तत्वहरु के के हुन सक्छन् ?

४) सामुदायिक विद्यालयमा अंग्रेजी मध्यमको शिक्षा प्रभावकारी भएको छ या छैन ?

५) सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा देखिएका सामस्या के के हुन सक्छन् ?

६) अंग्रेजी माध्यमबाट पठनपाठन गराउँदा देखिएका समस्याहरुको समाधानका उापयहरु के के हुन सक्छन् ?

### १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई उद्देश्य अनुसार पूर्णता  प्रदान गर्नका लागिअध्ययनका कार्यको समग्र पक्षलाई लिएर अध्ययन गर्नका लागि असहजता हुने भएको हुँदा अनुसन्धान कर्ताको सीमित स्रोत साधन तथा समयलाई मध्यनजर गरी अंग्रेजी  माध्यमबाट अध्यापन गरिएका सामुदाकिय विद्यालयको शैक्षिक उपलब्धिमा केन्द्रित भएर गरिएको प्रस्तुत शोधपत्रलाई निम्नानुसार परिसीमित गरिएको छ :

चितवन जिल्ला  भरतपुर उपमहानगरपालिका लंकू स्रोतकेन्द्र भित्रका ४ वटा सामुदायिक विद्यालयमा मात्र प्रस्तुत अध्ययनलाई केन्द्रित गरिएको छ ।  यो अध्ययन विद्यालयको

अन्य विषयमा केन्द्रित नभइ अंग्रेजी माध्यमबाट अध्यापन गरिएका विद्यालयमा शैक्षिक उपलब्धिको अवस्थामा मात्र प्रस्तावित शोधपत्रलाई केन्द्रित गरिएको छ ।

अध्ययन अनुसन्धानका क्रममा सम्भावना रहित नमूना छनोट विधिका आधारमा भरतपुर उपमहानगर पालिका लंकू स्रोतकेन्द्र अन्तर्गतका ४ वटा विद्यालयहरुलाई मात्र छनोट गरिएको छ । अध्ययन तथा अनुसन्धानका क्रममा प्राप्त भएका तथ्यहरुलाई तालिका तथा चित्रका माध्यमबाट प्रस्तुत गरी गुणात्मक ढाँचा अनुसार विश्लेषण गरिएको छ । अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि नामक शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रले अनुसन्धान कार्यको सबै तहलाई समेट्न नसकिने भएको हुँदा अंग्रेजी माध्यमिबाट अध्यापन भएका सामुदायिक विद्यालयको नि.मा.वि. तहको शैक्षिक उपलब्धिमा केन्द्रित भई शोधपत्र तयार गरिएको छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धानलाई उद्देश्यमा पुऱ्याउन एवम् पूर्णता प्रदान गर्नको लागि अनुसन्धानकर्ताले सो अनुसन्धानसँग सम्बन्धित वर्तमान अवस्था भन्दा विगतका विभिन्न लेख, रचना, समाचार, पत्रपत्रिका, बुद्धिजीबी एवम् विद्वान्हरुको भनाई, दस्तावेजहरु, प्रतिवेदनहरुलाई आधार मान्नु पर्ने आवश्यक हुन्छ । यस अध्ययन अनुसन्धानसँग सम्बन्धित हुने खालका विभिन्न लेख, विभिन्न लेखक एवम् सिद्धान्तकार र अनुसन्धानकर्ताले समय-समयमा प्रकाशन गरेका अनुसन्धानहरु छन् । जसलाई साहित्यको पुनरावलोकनको रुपमा समीक्षा गरी प्रस्तुत शोधपत्रलाई उद्देश्य अनुसार पूर्णरुप प्रदान गरिएको छ । अध्ययनका क्रममा यस शोधपत्रसँग सम्बन्धित रहेका लेखरचना एवम् बुद्धिजिविका भनाइ र सम्बन्धित सैद्धान्तिक खाकालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

आदिम कालमा अहिलेको झैं विद्यालय तथा महाविद्यालयहरु निश्चय पनि थिएनन् तर पनि ज्ञान आर्जन गर्ने प्रकृया भने कायम थियो । त्यस वेला मानिसहरुले विभिन्न क्रियाकलापहरुमा संलग्न भएर आ-आफ्नो ज्ञान तथा सीपहरुको आदन-प्रदान गरेर आफुलाई शिक्षित तुल्याउँदथे । नेपालमा २००७ अगाडि शिक्षाको क्षेत्रमा सवैको चासो भएतापनि राणा शासनको दवावका कारण शिक्षा प्रेमीहरु यस क्षेत्रमा खुलेर लागेको खासै पाईदैन । २००७ साल फागुन ७ गतेका दिन प्रजातन्त्रको प्रार्दूभाव भएपछि जनतामा शिक्षाप्रति अभुतपूर्व प्रेम र उत्साहको लहर देखापर्न थाल्यो । जताततै विद्यालयहरु धमाधम खुल्न थाले । त्यस समय देखि शिक्षा क्षेत्रलाई समय, समाज र देशको आवश्यकता अनुसार बनाउनकोलागि विभिन्न अध्ययन अनुसन्धान भएको पाइन्छ । २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापनाले गर्दा वर्तमान अवस्थामा सवैको पहुँच शिक्षामा पुऱ्याउने उद्देश्य अनुरुप शिक्षालाई आधारभूत अधिकारको रुपमा स्वीकार गर्दै सवैको

लागि शिक्षाको अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यन्वयनको क्रममा अगाडि बढेको लक्ष्य हाम्रो सामु छ, (अधिकारी, २०६९) ।

शिक्षा प्रदानगर्ने सामाजिक एवं परोपकारी दायित्व लिएका शिक्षण संस्थाले पनि आफ्नो साधनस्रोत र शैक्षिक उपलब्धिको हैसियतबारे पारदर्शीरूपमा नढाँटी इमानसाथ जानकारी गराउनुपर्छ। मानवीय संशाधन विकास गर्ने अभिभारा लिएकाले त्यसमा हेलचक्राइँ भए व्यक्ति समाज र अन्ततोगत्वा देशलाई नै धोका दिएको ठहर्छ । त्यसकारण त्यस्तो दूरगामी असर पार्ने शिक्षण संस्थाले क्षणिक लाभको लागि बेइमानी गरेमा प्रकारान्तरमा आत्मघाती कदम बन्न सक्छ । अतः प्रचलित नीतिनियमलाई इमानदारीपूर्वक अनुसरण गरी कुशल व्यवस्थापन गर्ने शिक्षण संस्था भविष्यमा सफल सिद्ध हुन्छ। वर्तमान परिवेशमा शिक्षामा बढ्दो प्रतिस्पर्धा रहेको पाइन्छ । दिगो तथा गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै समय सान्दर्भिक शिक्षा प्रदान गर्नु पनि अहिलेको आवश्यकता रहेको छ । वर्तमान परिवेशमा जतातातै अंग्रेजी शिक्षा तथा अंग्रेजी माध्यमले अग्रता कायम गरेको छ । जसका लागि पनि योग्य र दक्ष्य शिक्षकलाई नियुक्ति गरी केवल नाफा मुखी नबनी कन बालबालिकाको भविष्यलाई सुनिश्चित गर्नु पर्दछ भन्ने भावनाले उन्मुख भएका शैक्षिक संस्थाहरुमा नै आफ्ना बाबु नानीहरुलाई अध्यापन गराउनु आवश्यक देखिन्छ , (कार्की, २०७२) ।

वर्तमान परिवेशमा नेपाली माध्यम भन्दा पनि अंग्रेजी माध्यमप्रति अभिभावकको आवकर्षण बढ्दै गएको र सामुदायिक भन्दा संस्थागत विद्यालयको व्यवस्थापन पनि राम्रो देखिएको हुँदा सामुदायिक भन्दा संस्थागत विद्यालयमा अभिभावकको आकर्षण बढ्दै गएको तथ्यलाई लेखमा विश्लेषण गरिएको छ । शैक्षिक व्यवस्थापनको सन्दर्भमा पनि नियमित रुपले केही तथ्य एवं जानकारीहरु क्रमश देखा पर्न थालेका छन् । जुन तथ्य एवं जानकारीहरु यस क्षेत्रकोलागि अपूर्ण नै मानिन्छ । अनुसन्धानात्मक कार्यको औचित्यलाई पुष्टि गर्न सम्वन्धित अध्ययनको सैद्धान्तिक खाका र सम्वन्धित अनुसन्धानात्मक लेखहरुको अध्ययन अपरिहार्य भएकाले निम्न अनुसार संक्षेपमा प्रस्तुत गरिएको छ, (राउत, २०६१) ।

" नेपालको तराइ क्षेत्रमा विद्‌यालय विभाजनका केही संकल्पहरु" मा नेपालको तराई क्षेत्रका प्रा.वि तथा मा.वि तहमा विद्‌यार्थीहरुको सहभागिता अध्ययन गरिएको थियो ।अभिभावकहरु जसको उच्च सामाजिक तथा आर्थिक स्थिति छ । उनीहरु आ-आफ्नो बालबालिकाहरुलाई अंग्रेजीमाध्यमद्धारा सञ्चालित प्राइभेट बोडिङ्ग स्कूलमा पढाउने गरेको पाइयो । जसको आर्थिक अवस्था कमजोर छ उनीहरु सार्वजनिक विद्‌यालयमा पढाउन पनि सकारात्मक नभएको पाइयो । यस अध्ययनले के देखाउँछ भने घरको सम्पत्ति समाजको प्रतिष्ठा आदि जस्ता कारणहरुले गर्दा आफ्ना बालवालिकाहरुलाई सार्वजनिक विद्‌यालयमा पढाउन पनि असक्षम भएको पाइयो । यसर्थ आर्थिक र सामाजिक फरकपनले गर्दा सार्वजनिक विद्‌यालयहरुमा विद्‌यार्थीको भर्ना संख्या घट्‌दै गएको अध्ययनले देखाउँछ, भोलिका दिनमा विद्‌यालयको शैक्षिक उपलब्धि वृद्धि विकासका लागि पनि अंग्रेजी माध्यमबाट शिक्षण गर्नु पर्ने आवश्यकता रहेकोपाइन्छ, (लक्ड र जानिसोन)।

“अभिभावकहरुको शिक्षा प्राप्तिको आशा एवं धारणा ” विषयक एक अनुसन्धानमा अभिभावकहरुको शिक्षालाई भविष्यको सम्पन्नताका पूरक मान्दछन् । बहुसंख्यक अभिभावकहरु अनुभव गर्दछन कि शिक्षाले विभिन्न इज्जतदार तहमा जस्तै सरकारी जागिर तथा अन्य ठाँउमा प्रशस्त अवसरहरु प्रदान गर्दछन् । यिनीहरु विदेशमा बालवालिका पढाउने बहानामा प्राइभेट बोडिङ्ग स्कूल पठाउने गर्दछन् । त्यसै गरी जुन अभिभावकका बालवालिकाहरु शिक्षा लिनबाट बञ्चित भएका छन् । उनीहरु शिक्षालाई अपरिहार्य नठानेको गरिविको कारण सार्वजनिक विद्‌यालयमा पढ्‌न पठाउनु भन्दा काम गर्न पठाउने गर्छन । यसरी अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई विद्‌यालय पठाउने चाहाना, घरको सामाजिक, आर्थिक, शैक्षिक अवस्था अनुसार फरक फरक हुने गरेको पाइन्छ । यसले गर्दा सार्वजनिक विद्‌यालयहरुमा भर्ना प्रक्रियामा पनि निश्चित रुपले प्रभाव पार्दछ, (सेरिड १९८२) ।

अनुसार सामुदायिक गणस्तर मुद्दा र चालु बहस नामक लेखमा सामुदायिक विद्‌यालयमा गुणस्तर खस्केको कुराले आजभोलि कोलाहल माच्चाएको छ र संस्थागत विद्‌यालयमा गुणस्तर सन्तोषजनक रहेको बहु प्रचारित छ । सामुदयिक विद्‌यालयमा हिजो आज पाइने

गरेको गुणस्तर आज संस्थागत स्थानान्तर हुनुको कारण मध्यम वर्गीय सचेत अभिभावकको मन जित्न सकेर नै हो । साथै सामुदायिक विद्यालयमा सामाजिक भावले काम गर्ने हिजोको जागरुक अभिभावक आज शिक्षाबाट नाफा आर्जन गर्ने समुदायमा रुपान्तरित भएको छ । त्यसले समुदायिक विद्यालयमा सामाजिक भावले काम गर्ने हिजोको जागरुक अभिभावक आज शिक्षाबाट नाफा आर्जन गर्ने समुदायमा रुपान्तरित भएको छ । त्यसैले सामुदायिक विद्यालयको गुणस्तर खोजी र व्यवस्थापन सामाजिक जागरणको अभिन्न अंग हो भन्ने कुरा उल्लेख गर्नु भएको पाइन्छ, (सापकोटा २०६१) ।

सार्वजनिक विद्यालयहरुमा विद्यार्थीको चाप कम हुनुका कारणहरु अध्ययन शीर्षक राखेर गरिएको प्रस्तुत शोधपत्रमा पहिलो उद्देश्यमा सार्वजनिक विद्यालयहरुमा विद्यार्थीहरुको वास्तविक चाप पत्ता लगाउनु, सार्वजनिक विद्यालयहरुमा विद्यार्थी चाप कम हुनुका कारणहरु पत्ता लगाउनुसार्वजनिक विद्यालयहरुमा विद्यार्थीहरुको चाप घट्नुका कारणहरु पत्ता लगाई समाधानका उपायहरु पत्ता लगाउनु जस्ता उद्देश्यमा शोधपत्रलाई केन्द्रित गरिएको छ । यसरी अध्ययनका क्रममा उपलब्ध तथ्याङ्कहरुको विश्लेषण गुणात्मक ढंगबाट विश्लेषण गरिएको प्रस्तुत शोधपत्रमा वर्तमान परिवेशमा अंग्रेजी शिक्षामा अभिभावक तथा विद्यार्थीको आकर्षण बढी भएको हुँदा महंगो शुल्क तिरेर भए पनि आफ्नो बालवालिकाहरुलाई अंग्रजी माध्यमद्वारा शिक्षण गराउँदा निजिस्तरका विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको तथ्य प्रस्तुत गरिएको छ । सामुदायिक विद्यालयमा पुरानै परिपाटीबाट शिक्षण भइरहेको र संस्थागत विद्यालयमा अंग्रेजी माध्यम आकर्षणको विषय बनेकै कारण संस्थागत विद्यालयप्रति आकर्षित भइरहेको तथ्यलाई विश्लेषण गर्दै भोलिका दिनमा अंग्रेजी माध्यममा गुणात्मक तवरले शिक्षा प्रदान गर्ने नीति सामुदायिक विद्यालयले लिन सकेका खण्डमा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयमा नै अभिभावकको आकर्षण बढ्न सक्ने निष्कर्ष समेत प्रस्तुत शोधपत्रमा प्रस्तुत गरिएको छ , (चौधरी, २०६७) ।

विश्वविद्यालय व्यवस्थापन समितिको भूमिका नामक लेखमा नीजिकरण र उदारिकरण जस्ता कुरा शिक्षा क्षेत्रमा प्रवेश गरेकाले गैरवादी शिक्षा र महङ्गो शिक्षाले छिटै फल्ने

फूल्ने अवसर प्राप्त गरेकोले सरकारी विद्यालयले दिने सस्तो नामको शिक्षा अति कमजोर बन्दै गएको हो । सीमित व्यक्तिबाट नाफा आर्जनको उद्देश्यले नीजि संस्थागत एवं विदेशी सम्वन्धबाट खुलेक विद्यालमा शिक्षाको गुणस्तर राम्रो देखिनु, निर्णय प्रकृया छिटो र छरितो र उचित व्यवस्थपनले गर्दा हो भने सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति "रवर स्टेम्प" को आवस्थामा भएको हुनाले सामुदायिक विद्यालयहरुलाई निजि तथा अन्य विदेशी सम्वन्ध प्राप्त विद्यालयहरुको स्तरमा उठाउन शिक्षा नियमावली परिवर्तन गरी विद्यालय व्यवस्थापन समिति समग्रमा शक्तिशाली बनाउनु पर्ने कुरा व्यक्त गर्नु भएको पाईन्छ, पौडेल (२०६०) ।

विद्यार्थीबढाउन टाई बेल्ट" नामक लेखमा सरकारी विद्यालयमा विद्यार्थी संख्या बढाउन विद्यार्थीहरुलाई टाई बेल्टको साथै अंग्रजी माध्यमद्दारा पढाउने निर्णय गरिएको छ । उनीहरुको अनुसार सार्वजनिक विद्यालयहरुमा बोर्डिङ्गको जस्तै टाई बेल्ट पोसाक र अंग्रेजी माध्यमद्धारा शिक्षण गरेमा निश्चित रुपले विद्यार्थी बढ्नुका साथै पढाउनु पर्दछ भन्ने मानसिकता एवम् केही आर्थिक रुपमा पनि सम्पन्न भएका अभिभावकका छोरा छोरी पनि सामुदायिक विद्यालयमा भित्रिन पुग्दा विद्यालयको शैक्षिक गुणस्तर पनि वृद्धि हुन्छ भन्ने कुरालाई लेखमा विश्लेषण गरिएको छ, (अधिकारी, २०६६) ।

१० वर्षअघि सामुदायिकमा ६० लाख ३४ हजार विद्यार्थी थिए । निजीमा ४ लाख ३० हजारमात्र थिए । २०६४ मा सामुदायिकमा विद्यार्थी संख्या घटेर ५७ लाख ९२ हजारमा सीमित भयो । निजीमा त्यो संख्या बढेर ७ लाख ४० हजार भयो । २०६८ मा सामुदायिक विद्यालयमा ६३ लाख ६६ हजार विद्यार्थी रहेकोमा यस वर्षसम्म आइपुग्दा ५९ लाख ३८ हजारमा खुम्चिएको छ । तर निजीमा चाहिँ ०६८ मा १० लाख७७ हजारबाट बढेर यस वर्ष ११ लाख ३२ हजार पुगेको छ । 'व्यवस्थापकीय पाटो राम्रो र विद्यार्थीको हेरचाह बढी गर्ने भएकाले अभिभावकको आकर्षण निजी विद्यालयमा बढेको हो,' साथै आजभोलि +२ गरेर पढ्ने भिजामा बाहिर जाने विद्यार्थीहरुको संख्या पनि बढ्दै गएको हुदा अंग्रेजी माध्यमलाई बढी प्राथमिकता दिनुका साथै निजि विद्यालयले विविध प्राविधिक शिक्षणमा समेत विशेष जोड दिएकै कारण सामुदाकियमा भन्दा निजी

विद्यालय तर्फको आकर्षण बढी भएको पाइन्छ । अंग्रेजी माध्यमबाट अध्यापन गर्न विद्यार्थी भनेका स्वभावले नै अध्ययन कार्यमा तिक्ष्ण भएका हुँदा सामुदायिक विद्यालयको तुलनामा निजि विद्यालयकै शैक्षिक उपलब्धि बढी देखिँदा पनि निजीको आकर्षण बढेको अनुमान गर्न सकिन्छ, (श्रेष्ठ, २०७१) ।

## २.२ सैद्धान्तिक खाका

मानव सम्बन्ध सिद्धान्त सन् १९५० मा प्रतिपादित सिद्धान्त हो । यस अगाडिका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्तको शुरुवात भएको हो । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाँउमा मेलमिलाप र उत्पादन कार्यकुशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेकोले व्यवहारिक व्यवस्थापनमा नयाँ नयाँ विचारहरु विकसित भएका हुन् । कुनै पनि संगठनमा कार्य गर्नेहरुकावीच राम्रो मानव सम्बन्ध भएमा कार्य सम्पादन राम्रो, चाँडो र स्तरीय हुने र यस विपरीतको मानव सम्बन्ध भएमा कार्यसम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने कुराले धेरैको मन छुन थाल्यो । यस सिद्धान्तलाई व्यक्ति भित्रको व्यवहार पनि भनिन्छ ।

जर्ज एल्टन मायो ( १८८०-१९४९), मेरी पार्कर फलेट (१८६८-१९३३) मानव सम्बन्ध सिद्वान्तका सिद्वान्तकारहरु हुन् । मानव सम्बन्ध सिद्धान्तले संगठन भित्र हुने विभिन्न व्यवहारलाई जोड दिएको छ । मानव सम्वन्ध भन्नाले मानिसलाई मानिसको जस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरालाई यस सिद्धान्तले आत्मसाथ गरेको हुन्छ । मानिसलाई संगठनको बस्तु वा अन्य कुनै सम्पति जस्तो रुपमा लिनु हुदैन । यसको आफ्नो बेग्लै प्रकारको मानवीय अस्तित्व छ भनी मान्नुपर्दछ । मानव सम्वन्ध यस अर्थमा पनि व्यापक छ कि यसले एक व्यक्तिको व्यक्तित्व र अर्को व्यक्तिको व्यक्तित्वसंग पारस्परिक सम्बन्ध हुने सबै सामाजिक विज्ञानहरुको अध्ययन गर्न पनि यसले जोड दिन्छ । यदि सबै व्यक्ति मिलेर उद्देश्यहरु पूर्ति गर्नुछ भने एकले अर्कोलाई चिन्नै पर्दछ ।

यस अनुसार मानव सम्बन्ध त्यस्तो कला हो जो व्यवस्थापकले वुझेर मात्र व्यवहार गनुपर्दछ, जसको अनुभव र प्रयोग इन्कार गर्न सकिदैन । विद्यालयमा पनि बालबालिकाहरुलाई अध्यापन गर्दा उनीहरुको हक हितहरुको कदर गर्दै सबै बालबालिकालाई समान रुपमा अध्यापन गर्नु पर्ने आवश्यक देखिन्छ । विद्यालयमा छात्र र छात्रालाई समान व्यवहार गरेर शिक्षाको पहुँचबाट सबैलाई बराबरी गर्न सकेका खण्डमा नै दिगो र स्तरीय सिकाइ हुन सक्ने विश्वासका प्रस्तावित शोधकार्यका लागि लाई मानव संबन्ध सिद्धान्तको सैद्धान्तिक खाकामा राखेर अध्ययन गरिएको छ ।

त्यसैगरी मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त (१९४३) अनुसार शिक्षकको आवश्यकता बुझेर सोही अनुरुप अभिप्रेरित गर्न सकेमा विद्यालयको प्रत्येक कार्यमा स्वतः स्फूर्त उसको सहभागिता वृद्धि हुन जान्छ । त्यसैगरी अभिभावक र शिक्षकलाई उनीहरुको आवश्यकता र चाहना वुझेर विद्यालयले सन्तुष्ट राख्न सकेमा उनीहरुको सहभागिता वृद्धि भइ उत्तम शैक्षिक व्यवस्थापन गर्न मद्दत पुग्छ र विद्यालयको शैक्षिक गुणस्तर/शैक्षिक उपलब्धिमा वृद्धि हुन सक्छ (शर्मा, २०६२) । मास्लोले मानिसको आवश्यकताहरुमा शारीरिक, सुरक्षात्मक, सामाजिक, स्वाभिमान र आत्मवोधको आवश्यकता हुन् भनी उल्लेख गरेका छन् । त्यसै गरी सामुदायिक विद्यालयमा अंग्रेज तथा नेपालीमाध्यमबाट अध्यापन गराउँनका लागि सर्बप्रथम बालबालिकाहरुका आधारभूत आवश्यकता पूरा हुन सकेका छन् कि छैनन् ?उनीहरु अंग्रेजी विषयमा के कस्तो दखल हासिल गरेका छन् ? अंग्रेजी माध्ययमबाट अध्यापन गर्नका लागि बालबालिकाका के कस्ता आधारभूत आवश्यकता परिपूर्ति गर्नु आवश्यक छ ? भन्ने जस्ता कुरामा जानकारी प्राप्त गरेर सोही अनुसार तथ्य पत्ता लगाई अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि प्रस्तुत सैद्धान्तिक खाका उपयोगी सिद्ध रहेको हुँदा मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई पनि यस अध्ययन अनुसन्धानको सैद्धान्तिक खाकाको रुपमा लिएर अध्ययन अनुसन्धान गरिएको छ ।

## २.३. पुनरावलोकनको उपादेयता

यस अध्ययन अनुसन्धानसँग सम्बन्धित विभिन्न प्रकारका पुस्तक पत्रपत्रिका, मासिक तथा पाक्षिक पत्रिकाहरु वेबसाइट, यस भन्दा अगाडिका शोधकर्ताहरुवाट प्रकाशित शोधग्रन्थहरु ,विभिन्न समयमा भएका अनुसन्धानात्मक कार्यहरुको प्रतिवेदन जस्ता कुराहरुलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन गरिएको छ । जसको प्रयोगबाट पस्तुत शोधपत्रसँग सम्बन्धित विभिन्न पक्षहरूको सम्बन्धमा जानकारी मिल्नुका साथै अध्ययन अनुसन्धानहरूमा देखिएका कमीकमजोरीहरूलाई हटाएर उद्देश्यमूलक र गुणात्मक बनाउनका लागि लागि थप सहयोग पुगेको छ ।

एल्टन मायोको मानव व्यवस्थापन र मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई सैद्धान्तिकखाकाका रूपमा चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा अध्ययन अनुसन्धानका लागि प्रस्नावली तयार गर्न, अध्ययन स्थलको छनोट गर्न, छनोट गरिएका प्रश्नावलीको व्याख्या एवम् विश्लेषण गर्न, तथ्यांक संकलनका स्रोतहरूको प्रयोग गर्न र संकलित तथ्यांकहरुको उद्देश्य अनुसार व्याख्या एवम् विश्लेषण गर्न समेत थप सहयोग पुगेको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई उद्देश्य अनुसार पूर्ण रुप प्रदान गर्नका लागि आवश्यक अध्ययन विधिको प्रयोग गर्नु पर्दछ । उद्देश्य अनुसार तथांक संकलन गर्न अध्ययनको व्याख्या एवम् विश्लेषण गर्न, जनसंख्याको छनोट गर्न अपनाइने विधिलाई नै अध्ययन अनुसन्धानको विधि अन्तर्गत लिइने हुँदा यस अध्ययन अनुसन्धानलाई उद्देश्य अनुसार पूर्णरुप प्रदान गर्नका लागि अवलम्बन गरिने अध्ययन विधिलाई निम्नानुसारका उपशीर्षकमा प्रस्तुत गरिएको छ :

## ३.१. अनुसन्धान ढाँचा

यसमा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गरिएको छ । सम्भावना रहित नमुना छनौट विधिबाट प्राप्त गरिएका तथ्यहरुको व्याख्यात्मक ढंगबाट विश्लेषण गरनुका साथै यस सम्बनन्धी अन्य अध्ययन अनुसन्धान, खोज, शोध, लेख आदिको सम्बन्धित तथ्यलाई यस अध्ययनको मूल पक्षमा रही तुलनात्मक रुपमा अध्ययन गरिने भएको हुँदा प्रस्तुत अध्ययन गुणात्मक ढाँचाको रहेको छ ।

## ३.२. अध्ययनको जनसंख्या र नमुना छनोट

भरतपुर उप महानगरपालिका लंकु स्रोतकेन्द्रमा रहेका ३१ वटा विद्यालयहरु मध्ये अंग्रेजी माध्यमबाट अध्यापन भएका ४ वटा विद्यालयहरुलाई सम्भावना रहित नमूना छनोट विधिका आधारमा क्रमश : श्रीपुर मा.वि., श्रीपुर, श्री आदिकवि भानुभक्त उ.मा.वि., नारायणगढ, श्री प्रेमवस्ती उ.मा.वि. प्रेमवस्ती र श्री लक्ष्मी उ.मा.वि., लंकूलाई नमुनाको रुपमा छनोट गरिएको छ । जसमा रहेका जम्मा २६५२ विद्यार्थी, ११३ शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, १ जना स्रोतव्यक्ति मध्येबाट प्रत्येक विद्यालयबाट शिक्षक १।१ जनाका दरले ४ जना, विद्यालयको प्र.अ.१।१ का दरले ४

जना , विद्यालय व्यवस्थापन समितिको अध्यक्ष १|१ का  दरले ४ जना, र नमुना छनोटमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थी ५|५ जनाका दरले२० जना र स्रोतव्यक्ति १ जनागरी कुल ३३ जनालाई यस अध्ययनको जनसंख्याको रुपमा लिएर तथ्यांक संकलन गरिएको छ ।

### ३.३. तथ्याङ्कका स्रोतहरू

कुनैपनि विषय वा समस्याको बारेमा अनुसन्धान गर्दा विभिन्न स्रोतहरूलाई आधार मानिएको हुन्छ । यसैगरी यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्बितिय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई गरिएको छ ।

### ३.३.१  प्राथमिक स्रोत

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत छलफल तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइने छ । जसमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अन्तरवार्ता सूची र अवलोकन फारमको प्रयोगको आधारमा तथ्यांक संकलन गरिएको छ ।

### ३.४.२ द्बितिय स्रोत

विद्यालयमा भएका पत्रपत्रिका, आजभन्दा अगाडि लेखिएका सम्बन्धित लेखरचनाहरु, विद्यालयको स्मारिका, विद्यालय सुधार योजना तथा विद्यालयको शैक्षिक उपलब्धि विवरणलाई प्रयोग गरिएको छ ।

### ३.४ अध्ययन साधनको निर्माण

अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णाता प्रदान गर्न निम्नानुसारका साधनहरूको निर्माण गरी सम्बन्धित विषय विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव अनुसार परिमार्जन गरी निम्नानुसारका साधनको निर्माण गरी प्रयोग गरिएको छ :

### ३.४.१ अर्न्तवार्ता सूची

छनोटमा परेका विद्यालयहरुमा विद्यार्थी, वि.व्य.स. तथा शिक्षकलाई शोधकर्ता प्रत्यक्ष उपस्थित भई प्रश्नावाली सूचीको प्रयोगगरी जानकारीहरू सङ्कलन गरिएको छ । जसलाई अनुसूची २ देखि ४ मा प्रस्तुत गरिएको छ ।

### ३.४.२ अवलोकन फारम

छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता स्वयम् उपस्थित भएर अनुसूची १ मा उल्लेखित अवलोकन फारमका अधारमा तथ्य संकलन गरिएको छ । जस अन्तर्गत छनोटमा परेका विद्यालयमा शिक्षकहरुको उपस्थिति, शिक्षक छनोटको अवस्था, शैक्षिक योग्यता जस्ता कुराहरुमा अध्ययन गरिएको छ ।

### ३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि आवश्यक तथ्यांकहरुलाई कच्चा पदार्थको तथ्यांकहरुको संकलन गरिएको छ । तथ्यांक संकलन गर्दा अनुसन्धानकर्ताले पहिला नै योना नबनाइ कन संयोगमा आधारीत नमूना छनोट विधिको आधारमा नमूना छनोट गरिएको छ । अध्ययनमा प्राथमिक र द्वितिय तथ्याङ्क प्रयोग गरिएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत शोधपत्रमा तथ्याङ्क सङ्कलनका लागि अन्तरवार्ता प्रश्नावलीलाई प्रयोगमा ल्याइने छ ।

जसको प्रयोगमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अनुसूचीमा उल्लेख गरिएका प्रश्नावलीहरु सोधेर सोही अनुसार तथ्यांक संकलन गरिएको छ । अवलोकन फारमका आधारमा अनुसन्धानकर्ताको प्रत्यक्ष अवलोकनमा प्रश्नावलीबाट प्राप्त हुन नसकेका तथ्यहरुलाई संकलन गरिएको छ भने द्वितिय तथ्याङ्कहरु स्थलगत अध्ययन, विद्यालय अभिलेख, पत्रपत्रिका, लेख रचना, बुलेटिन, प्रतिवेदन तथा अप्रकाशित शोध ग्रन्थ, इमेल इन्टरनेट आदिलाई समेत आधार मानिने छ ।

### ३.६. तथ्याङ्कको विश्लेषण प्रक्रिया

अध्ययनको लागि संकलन गरिएका तथ्याङ्क संकलन गर्न प्रयोग गरिएको अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरुपको आधारमा तथ्याङ्कहरुलाई गुणात्मक ढाँचा अनुसार विवरणात्मक तवरले व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सिमालाई समेत ख्याल गरी सकेसम्म सन्तुलित गरिएको छ । सम्बन्धित सरोकारवालालाई अनुसन्धानको उद्देश्यसँग सामिप्य गराई सूचना संकलन होस् भन्नका लगि पटक-पटक सरोकारवालाहरुमा भेटघाट गर्ने र क्रसचेक प्रश्नावलीहरु सोधी प्राप्त भएका तथ्य हरुलाई उद्देश्य अनुसार विश्लेषण गरिएको छ । तथ्याकहरुको विश्लेषण गर्दा उद्देश्य अनुसार भिन्ना भिन्नै शीर्षक तथा उपशीर्षकमा विभाजन गरेर प्राप्त तथ्यांकको विश्लेषण गरिएको छ ,

# परिच्छेद चार

# तथ्यांकको व्याख्या एवम् विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नु अनुसन्धानकर्ताको दायित्व अन्तर्गत पर्दछ । कच्चा पदार्थका रुपमा संकलित तथ्यांकहरुलाई उचित तवरबाट व्याख्या एवम् विश्लेषण गरी उद्देश्य अनुसार शोधपत्रलाई पूर्णता गर्ने क्रममा निम्नानुसारका उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

## ४.१ अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिको वर्तमान अवस्था

अध्ययन तथा अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयहरुमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदाको वर्तमान शैक्षिक उपलब्धिको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा विद्यालयका, प्र.अ., शिक्षक, अभिभावक, एवम् विद्यार्थीसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो । जसबाट प्राप्त तथ्य अनुसार छनोटमा परेको विद्यालय श्री श्रीपुर माध्यमिक विद्यालयमा हालमा ८ कक्षा सम्म अंग्रेजी माध्यमबाट अध्यापन हुँदै आएको पाइयो । अंग्रेजी माध्यमबाट पढाइ भएका विद्यालयहरुमा पनि कक्षा ६,७ र ८ को शैक्षिक उपलब्धिलाई मात्र आधार बनाएर गरिएको प्रस्तुत शोधपत्रमा शोधपत्रको उद्देश्य अनुसार तथ्य संकलन गरिएको थियो । जसबाट प्राप्त तथ्य अनुसार यस श्रीपुर माध्यमिक विद्यालय, श्रीपुरमा अंग्रेजी माध्यमबाट अध्यापन गराउने थाले पछि भर्नादरमा समेत वृद्धि हुनुका साथै अंग्रेजी नै उच्चारण गर्न नजान्ने विद्यार्थीहरुका लागि समेत अंग्रेजी वातावरणको प्रभाव पर्न गई सामान्य लेख्न र पढ्ने क्रियाकलापमा सुधार भएको छ भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । साथै विद्यार्थीहरुबाट प्राप्त तथ्य अनुसार पनि विद्यालयमा अंग्रेजीमाध्यमबाट अध्यापन हुन थाले पछि अंग्रेजी विषय लगायत अन्य विषयमा समेत शैक्षिक उपलब्धि वृद्धि भएको, साथै पढाइप्रति लगाव बसेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो ।

अंग्रेजी विषय भनेको स्वभावले नै अरुको भाषा भएको हुँदा पढ्न लेख्न, गाह्रो हुने र त्यसमा पनि सबै विषय नेपाली माध्यमबाट अध्यापन गराएर एउटा विषय मात्र अंग्रेजीमा अध्यापन गराउँदा अंग्रेजी विषयमा बालबालिकाहरु अत्यन्त कमजोर रहेको र अंग्रेजी माध्यमबाट पढाइ हुँदा बालबालिकाहरुमा पनि बढी मिहेनत गर्नु पर्दछ भन्ने भावनाको विकास भइ शैक्षिक उपलब्धि वृद्धिमा सहयोग पुगेको भन्ने जस्ता उत्तरहरु अभिभावकहरुबाट जानकारी प्राप्त भएको छ ।

त्यसैगरी छनोटमा परेको विद्यालय श्री आदिकवि भानुभक्त उ.मा.वि.मा अंग्रेजी माध्यमबाट कक्षा १ देखि ८ सम्म अध्यापन हुँदै गएको पाइयो । यस विद्यालयमा अंग्रेजी माध्यमबाट अध्ययन गर्दै अएका कक्षा ६,७ र ८ का विद्यार्थीहरुको शैक्षिक उपलब्धि, उनीहरुको पढाइप्रतिको रुचि, अभिभावकको शिक्षाप्रतिको धारणा जस्ता कुराहरुमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा तथ्यांक संकलन गरिएको थियो । जसबाट प्राप्त तथ्य अनुसार अंग्रेजीमाध्यममा अध्यापन गराइएका विद्यार्थीहरु भनेका अन्यत्र निजि विद्यालयमा अंग्रेजी माध्यमबाट अध्ययन गर्दै आएका विद्यार्थीहरुका साथै त्यसै विद्यालयका पनि पढाइप्रति रुचि एवम् लगाव भएका विद्यार्थीहरुलाई मात्र छनोट गरेर अंग्रेजी माध्यममा अध्यापन गराइएको हुँदा स्वभावले नै शैक्षिक उपलब्धि वृद्धि भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयमा शिक्षक एवम् अभिभावकबाट जानकारी प्राप्त भएको थियो ।

विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा विद्यार्थीको शैक्षिक उपलब्धि मात्र नभई पढाइप्रतिको लगावमा समेत सुधार भएको भन्ने जस्ता उत्तरहरु विद्यालयमा सहायक प्र.अ.सँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो । साथै अंग्रेजी माध्यमबाट अध्यापन अध्ययन गरेका विद्यार्थीहरु प्राविधिक एवम् खोजमूलक ज्ञानमा समेत अगाडी रहेको, कम्प्युटर तथा इमेल इन्टरनेटको माध्यमबाट सामाग्रीहरु खोजेर अध्ययन गर्ने बानीको समेत विकास भएको भन्ने जस्ता उत्तरहरुमा समेत छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी एवम् प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । विद्यार्थीहरुलाई अंग्रेजीमाध्यमबाट अध्यापन गराउँदा आफ्ना बाबुनानीहरुले निजिस्तरको

सरह ज्ञान पाउन सफल रहेको अनुभूति अभिभावकमा समेत हुन घरमा बालबालिकाहरुका लागि पढाइका लागि उचित वातावरणको सृजना गरिँदिने गरेको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । आफ्ना बाबुनानीहरुलाई कोचिङ, टिउसन पढाएर भए पनि राम्रो अंक ल्याउने बनाउने पर्दछ, निजि विद्यालयका बालबालिकासँग प्रतिस्पर्धा गर्न सक्ने बनाउने पर्दछ भन्ने जस्ता भावनाहरु अंग्रेजी माध्यममा आफ्ना छोरा छोरीलाई अध्यापन गराइरहेका बाबुनानीहरुमा हुने गरेको फलस्वरुप शैक्षिक उपलब्धि आसातित रुपमा वृद्धि हुन नसके पनि सिक्नु पर्दछ भन्ने लगाव भने विस्तार हुन सकेको छ भन्ने उत्त समेत प्र.अ.सँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको हुँदा , छनोटमा परेको विद्यालय यस आदिकवि भानुभक्त उ.मा.वि.मा अंग्रेजी माध्यमबाट विद्यार्थीहरुहरुलाई अध्यापन गराउँदा उपलब्धि आशातित रहन नसके पनि पढ्नु पर्दछ भन्ने धारणाको विकास भएको निष्कर्ष प्राप्त भएको छ ।

त्यसैगरी छनोटमा परेको विद्यालय श्री प्रेमवस्ति उ.मा.वि.मा को कक्षा ६,७ र ८ को वर्तमान शैक्षिक अवस्था के कस्तो रहेको छ भन्ने बारेमा छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक एवम् प्र.अ.सँग छलफल तथा अन्तरक्रिया गरिएको थियो । जसबाट प्राप्त तथ्य अनुसार कक्षा ६, ७, र ८ मा नेपाली तथा अंग्रेजी माध्यम दुवै माध्यमबाट विद्यालयमा अध्यापन हुने गरेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । अंग्रेजी माध्यमबाट अध्ययन गरिरहेका विद्यार्थीहरुको शैक्षिक उपलब्धिको वर्तमान अवस्था के कस्तो रहेका छ भन्ने बारेमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार यस शैक्षिक सत्र २०७२ सालमा लिइएका परीक्षाहरुमा विद्यार्थीहरुले आशातित उपलब्धि हासिल गर्न नसके पछि निराशाजनक भने रहेको छैन भन्ने जस्ता उत्तरहरु प्र.अ.सँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । अंग्रेजी माध्यमबाट अध्यापन गरिएको हुँदा निजि विद्यालयमा आफ्ना बाबुनानीहरुलाई अध्यापन गराउन पर्दछ भन्ने भावना भएका बालबीलकाहरुका बाबा आमाले पनि सामुदायिक विद्यालयमा नै अध्यापन गराउने, कतिपय निजि विद्यालयमा अध्ययन गरिरहेका बालबलिकाहरु पनि सामुदायिक विद्यालयमा नै अध्ययन गर्न आउने जस्ता प्रविृत्तिहरुले

गर्ला उपलब्धि वृद्धिमा सहयोग  पुग्ने गरेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक एवम् प्र.अ.सँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेको विद्यालय श्री लक्ष्मी उ.मा.वि. अंग्रेजी माध्यमबाट अध्ययन गरिरहेका बालबाबालकाहरुको शैक्षिक उपलब्धि, कक्षा ६, ७ र ८ मा अध्ययन गर्ने बालबालिका हरुले सन्तोष जनक उपलब्धि हासिल गर्न सकेका छन् कि छैनन्, उनीहरुको शैक्षिक उपलब्धि सुधारोन्मुख छ कि छैन भन्ने जस्ता कुराहरुलाई अधार मानेर गरिएको अध्यनय एवम् अनुसन्धानमा  अंग्रेजी माध्यमका सामुदायिक विद्यालयहरुमा शैक्षिक उपलब्धि सन्तोष जनक एवम् सुधारोन्मुख छ भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जनकारी प्राप्त भएको छ ।

अंग्रेजी माध्यमबाट अध्यापन भएका विद्यालयहरुको शैक्षिक उपलब्धि नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा मायोको मानव व्यवस्थापनको सिद्धान्त र मास्लोको अभिप्रेरणा सम्बन्धीको सिद्धान्तलाई अधार मानिएको छ । जसबाट प्राप्त तथ्य अनुसार अंग्रेजी माध्यमबाट अध्यापन गरिएका विद्यालयमा विद्यार्थीहरुलाई निजि विद्यालयले जसरी सुमधुर एवम् मानवीय वातावरणमा बालकेन्द्रित तवरले अध्यापन गराउनका लागि प्रयासरत रहेको फल स्वरुप उपलब्धि वृद्धिउन्मूख रहेको तथ्य प्राप्त भएको छ । त्यसैगरी विद्यार्थीका आधारभूत आवश्यकताहरुलाई बुझ्ने प्रयास गरिएको भएको भए पनि अंग्रेजीमा विद्यार्थी कति कमजोर छन् भन्ने बारेमा उनीहरुको अधार पहिचान नगरी सिधै अंग्रेजी माध्यमबाट अध्यापन गराएकै कारणले पनि उपलब्धि आशातित रहन सकेको छैनन भन्ने जस्ता उत्तरहरु यस अध्ययन अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.१.१ सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट शिक्षण गराउँदाको शैक्षिक उपलब्धि अवस्था

सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट शिक्षण गर्दाको शैक्षिक उपलब्धि स्तर के कस्तो रहेको छ भन्ने कुरामा पूर्ण रुपमा जानकारी प्राप्त गर्ने उद्देश्यले छनोटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ता प्राप्त रुपमा उपस्थित भएर तथ्य संकलन गरिएको थियो । जस अन्तर्गत छनोटमा परेका विद्यालहरुमा विगत २ वर्षको कक्षा ६, ७ र कक्षा ८ को शैक्षिक उपलब्धिलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

छनोटमा परेका विद्यालयहरुको कक्षा ६ को शैक्षिक सत्र २०७० को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा श्री श्रीपुर माध्यमिक विद्यालय श्रीपुरमा सबैभन्दा कम विद्यार्थीहरु रहेको पाइयो । जसमा जम्मा विद्यार्थी ३५ मध्येमा ३५ जना विद्यार्थी नै परीक्षामा सम्मेलित भएर ३५ नै उत्तीर्ण रहेको पाइयो । त्यसैगरी श्री आदिकवि भानुभक्त उ.मा.वि.को शैक्षिक अवस्थाका बारेमा विश्लेषण गर्दा ९५ जना विद्यार्थीहरु मध्येमा ९० जना मात्र विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र ९० जना विद्यार्थी नै उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी श्री प्रेमवस्ति उ.मा.वि. कृष्णपुरमा शैक्षिक सत्र २०७०मा कक्षा ६ को शैक्षिक उपलब्धिलाई हेर्दा ८७ जना विद्यार्थीहरु मध्येमा ८५ जना विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र जसमा ८० जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी छनोटमा परेको विद्यालय श्री लक्ष्मी उ.मा.वि. लंकूमा जम्मा कक्षा ६ मा रहेका जम्मा १०९ जना विद्यार्थीहरु मध्येमा १०५ विद्यार्थीहरु परीक्षामा सम्मेलित भएका थिए जस मध्येमा पनि १०३ जना विद्याथीरु उत्तीर्ण भएको तथ्य अध्ययनका क्रममाजानकारी प्राप्त भएको छ ।

छनोटमा परेका विद्यालयहरुको कक्षा ७ को शैक्षिक सत्र २०७० को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा श्रीपुर माध्यमिक विद्यालय श्रीपुरमा कक्षा ७ मा पनि अरु विद्यालयको तुलनामा कम नै विद्यार्थी रहेको पाइयो । जसमा जम्मा विद्यार्थी ४३ मध्येमा ४२ जना विद्यार्थी नै परीक्षामा सम्मेलित भएर ४२ नै विद्यार्थी उत्तीर्ण भएको पाइयो ।

त्यसैगरी श्री आदिकवि भानुभक्त उ.मा.वि.को शैक्षिक अवस्थाका बारेमा विश्लेषण गर्दा ६० जना विद्यार्थीहरु मध्येमा ५५ जना मात्र विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र ५० जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी श्री प्रेमवस्ति उ.मा.वि. कृष्णपुरमा शैक्षिक सत्र २०७०मा कक्षा ७ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा ९३ जना विद्यार्थीहरु मध्येमा ९१ जना विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र जसमा ९० जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी छनोटमा परेको विद्यालय श्री लक्ष्मी उ.मा.वि. लंकूमा कक्षा ७ मा रहेका ८७ जना विद्यार्थीहरु मध्येमा ८७ विद्यार्थीहरु परीक्षामा सम्मेलित भएका थिए जस मध्येमा पनि ८३ जना विद्याथीरु उत्तीर्ण भएको तथ्य अध्ययनका क्रममाजानकारी प्राप्त भएको छ ।

छनोटमा परेका विद्यालयहरुको कक्षा ६ को शैक्षिक सत्र २०७१ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा श्रीपुर माध्यमिक विद्यालय श्रीपुरमा जम्मा विद्यार्थी २८ मध्येमा २५ जना विद्यार्थी नै परीक्षामा सम्मेलित भएर २५ विद्यार्थी उत्तीर्ण भएको पाइयो । त्यसैगरी श्री आदिकवि भानुभक्त उ.मा.वि.को शैक्षिक अवस्थाका बारेमा विश्लेषण गर्दा ७८ जना विद्यार्थीहरु मध्येमा ७५ जना मात्र विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र ७३ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी श्री प्रेमवस्ति उ.मा.वि. कृष्णपुरमा शैक्षिक सत्र २०७१मा कक्षा ६ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा ९० जना विद्यार्थीहरु मध्येमा ८८ जना विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र जसमा ८५ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी छनोटमा परेको विद्यालय श्री लक्ष्मी उ.मा.वि. लंकूमा कक्षा ६ मा रहेका ९४ जना विद्यार्थीहरु मध्येमा ९४ विद्यार्थीहरु परीक्षामा सम्मेलित भएका थिए जस मध्येमा पनि ९२ जना विद्याथीरु उत्तीर्ण भएको तथ्य अध्ययनका क्रममाजानकारी प्राप्त भएको छ ।

छनोटमा परेका विद्यालयहरुको कक्षा ७ को शैक्षिक सत्र २०७१ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा श्रीपुर माध्यमिक विद्यालय श्रीपुरमा जम्मा विद्यार्थी ३४ मध्येमा ३० जना विद्यार्थी परीक्षामा सम्मेलित भएर ३० जना विद्यार्थी उत्तीर्ण भएको पाइयो । त्यसैगरी श्री आदिकवि भानुभक्त उ.मा.वि.को शैक्षिक अवस्थाका बारेमा विश्लेषण गर्दा १२० जना

विद्यार्थीहरु मध्येमा १०० जना मात्र  विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र ९९ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी श्री प्रेमवस्ति उ.मा.वि. कृष्णपुरमा शैक्षिक सत्र २०७१मा कक्षा ७ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा ८५ जना विद्यार्थीहरु मध्येमा ८३ जना विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र जसमा ८३ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी छनोटमा परेको विद्‌यालय श्री लक्ष्मी उ.मा.वि., लंकूमा कक्षा ६ मा रहेका ७० जना विद्यार्थीहरु मध्येमा ७० विद्यार्थीहरु परीक्षामा सम्मेलित भएका थिए जस मध्येमा पनि ६५ जना विद्याथीरु उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ ।

छनोटमा परेका विद्‌यालयहरुको कक्षा ८ को शैक्षिक सत्र २०७० को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा श्रीपुर माध्यमिक विद्‌यालय श्रीपुरमा जम्मा विद्यार्थी १९ मध्येमा १९ जना विद्यार्थी परीक्षामा सम्मेलित भएर १९ जना विद्यार्थी उत्तीर्ण भएको पाइयो । त्यसैगरी श्री आदिकवि भानुभक्त उ.मा.वि.को शैक्षिक अवस्थाका बारेमा विश्लेषण गर्दा १२३ जना विद्यार्थीहरु मध्येमा १२० जना मात्र  विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र ११८ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी श्री प्रेमवस्ति उ.मा.वि. कृष्णपुरमा शैक्षिक सत्र २०७०मा कक्षा ८ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा ११० जना विद्यार्थीहरु मध्येमा ११० जना विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र जसमा १०९ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी छनोटमा परेको विद्‌यालय श्री लक्ष्मी उ.मा.वि., लंकूमा कक्षा ८ मा रहेका ९८ जना विद्यार्थीहरु मध्येमा ९६ विद्यार्थीहरु परीक्षामा सम्मेलित भएका थिए जस मध्येमा पनि ९६ जना विद्याथीरु उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ ।

छनोटमा परेका विद्‌यालयहरुको कक्षा ८ को शैक्षिक सत्र २०७१ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा श्रीपुर माध्यमिक विद्‌यालय श्रीपुरमा जम्मा विद्यार्थी १९ मध्येमा १९ जना विद्यार्थी परीक्षामा सम्मेलित भएर १९ जना विद्यार्थी उत्तीर्ण भएको पाइयो । त्यसैगरी श्री आदिकवि भानुभक्त उ.मा.वि.को शैक्षिक अवस्थाका बारेमा विश्लेषण गर्दा १२३ जना विद्यार्थीहरु मध्येमा १२० जना मात्र  विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र ११८ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी श्री प्रेमवस्ति उ.मा.वि.

कृष्णपुरमा शैक्षिक सत्र २०७१  मा कक्षा ८ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा ११० जना विद्यार्थीहरु मध्येमा ११० जना विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र जसमा १०९ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी छनोटमा परेको विद्यालय श्री लक्ष्मी उ.मा.वि., लंकूमा कक्षा ८ मा रहेका ९८ जना विद्यार्थीहरु मध्येमा ९६ विद्यार्थीहरु परीक्षामा सम्मेलित भएका थिए जस मध्येमा पनि ९६ जना विद्याथीरु उत्तीर्ण भएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

मायोको मानव व्यवस्थापनको सिद्धान्त र फ्रोबेलको आवश्यकतामा आधारित सिद्धान्तलाई आधार मानिएको प्रस्तुत शोधपत्रको पहिलो उद्देश्य सिद्धान्तसँग मिल्दोजुल्दो नै रहेको पाइन्छ । मानवका इच्छा र आंकक्षा अनुसार कार्य गर्नुका साथै उसका आवश्यकताहरु पूरा गर्न सकेका खण्डमा नै मावन व्यवस्थापन हुन नसक्ने तथ्य प्रस्तुत शोधपत्रको सिद्धान्तबाट जानकारी हुन आउँछ भने यस शोधपत्रमा छनोटमा परेका विद्यालयहरुमा पनि अंग्रेजी माध्यमबाट पढाइ भएको तर बालबालिकाहरुको जग कमजोर रहँदा प्रगती गर्न नसकेको, सानै उमेर देखि अंग्रेजीमा राम्रो जग भएका बालबालिकाहरुका लागि सहज भएका भन्ने जस्ता उत्तरहरु प्राप्त भएको छ ।

## ४.२  अंग्रेजी माध्यमका सामुदायिक विद्यालयहलाई प्रभाव पार्ने तत्वहरु

अंग्रेजी माध्यम अहिलेको जल्दोबल्दो आवश्यकताका रुपमा रहेको पाइन्छ । सबै निजि विद्यालयहरुले अंग्रेजी माध्यमबाट शिक्षण गरेकै कारण सामुदायिक विद्यालयको तुलनामा अभिभावकको मन जित्न सफल भइ रहेका छन् । अहिले निजि विद्यालयले गर्दा सामुदायिक विद्यालय कतै ठप्पत हुने होइन भन्ने जस्ता अवस्थाहरु समेत कतिपय ठाउँहरुमा आएको देखिन्छ । अंग्रेजी माध्यमका सामुदायिक विद्यालयमा शैक्षिक उपलब्धि नामक शीर्षकमा आधारित भएर तयार गरिएको प्रस्तुत शोधपत्रलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्ने क्रममा के कस्ता तत्वहरुले गर्दा सामुदायिक विद्यालयको अंग्रेजी माध्यम प्रभावित बन्न पुगेको छ, भन्ने जस्ता कुराहरुलाई गहन अध्ययन अनुसन्धान गरी सोही अनुसार निम्नानुसारका उपशीर्षकहरुमा विश्लेषण गरिएको छ :

### ४.२.१ विद्यालयको आर्थिक अवस्था

विद्यालयमा आर्थिक अवस्थाले शैक्षिक अवस्थामा प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछ भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, एवम् विद्यालय प्र.अ.सँगको छलफल तथा अन्तरक्रिया अनुसार जानकारी प्राप्त भएको छ । विद्यालयको आर्थिक अवस्था सबल भएका खण्डमा दरबन्दिका शिक्षकको मात्रै आशा गरि रहनु नपर्ने, निजि स्तरबाट शिक्षक नियुक्ति गरेर अध्यापन गराउन सकिने, फलस्वरुप अभिभावकको समेत आकर्षण बढ्न गई राम्रा निजि विद्यालयमा अध्ययनरत विद्यार्थीहरु भर्नाहुन आउँदा शैक्षिक उपलब्धि वृद्धि हुन सक्ने भन्ने जस्ता उत्तर प्राप्त भएको थियो । विद्यालयको आर्थिक अवस्था कमजोर रहँदा अंग्रेजी माध्यम भए पनि पुरानै शिक्षकबाट काम चलाउनु बाध्य रहनु पर्ने, शिक्षकहरुलाई तालिममा पठाउँदा पनि अर्को बिकल्प गर्न नसकिने, उपयुक्त शैक्षिक सामग्रीको खरिद गर्न नसकिने जस्ता कुराहरुले गर्दा कुनै उपलब्धि हुन नसक्ने भएको हुँदा अंग्रेजी माध्यमको शिक्षालाई प्रभावकारी बनाउनका लागि पनि आर्थिक अवस्थाले प्रभावकारी भूमिका निर्वाह गरि रहेको हुन्छ भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.२.२ विद्यालयप्रतिको दृष्टिकोण

अंग्रेजी माध्यमका सामुदायिक विद्यालयहलाई प्रभाव पार्ने तत्वहरुमा विद्यालय प्रतिको दृष्टिकोण पनि एक प्रमुख तत्वका रुपमा लिन सकिने भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयलाई के कसरी चलाउने, के कस्ता समस्याहरु रहेका छन् भन्ने जस्ता कुराहरुमा सकरात्मक धारणा बनाएर अगाडि बढेन सकेका खण्डमा विद्यालयमा शैक्षिक उपलब्धि वृद्धि हुन सक्ने अन्यता जुनसुकै माध्यम भए पनि केही पनि नहुने हुँदा विद्यालयप्रति अभिभावक, स्थानीय संघसंस्था, बुद्धिजिवीहरुको दृष्टिकोणले विद्यालयको उपलब्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा विद्यालय प्र.अ. एवम् शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो ।

### ४.२.३ विद्यालय प्रशासन एवम् शिक्षक विद्यार्थी बिचको सम्बन्ध

सिकाइ क्रियाकलाप भनेको शिक्षक, विद्यार्थीर्न तथा प्रशासनमा आधारित हुने हुँदा विद्यालय प्रशासन, शिक्षक तथा विद्यार्थी बिचको सम्बन्ध उनीहरुले गर्ने क्रियाकलाप जस्ता कुराहरुले पनि शैक्षिक उपलब्धिमा प्रभावकारी भूमिका निर्वाह गरेको हुँछ भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका अभिभावक, वि.व्य.स. अध्यक्ष, शिक्षक एवम् विद्यार्थीबाट जानकारी प्राप्त भएको छ । शिक्षकले जतिसुकै राम्रोसँग पढाए पनि विद्यार्थीले पढ्नै मन गर्दै शिक्षकलाई मन नै पराउँदैन वा शिक्षकले विद्यार्थी केन्द्रित विधिलाई अवलम्बन गर्नै सक्दैन भने सिकाइले कुनै अर्थ राख्दैन, साथै उचित व्यवस्था विद्यालय प्रशासनले मिलाउन नसक्दा पनि शैक्षिक क्रियाकलापमा असर पुगि रहेको हुने हुँदा विद्यालय प्रशासन, शिक्षक एवम्विद्यार्थी बिचको सम्बन्धलाई पनि अंग्रेजी माध्यममा प्रभाव पार्ने एक प्रमुख तत्वका रुपमा लिन सकिने भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

मायोको मानव सिद्धान्त तथा मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा अंग्रेजी माध्यमका विद्यालयमा विद्यालयको आर्थिक अवस्था, अभिभावकको सचेतना, विद्यार्थी, शिक्षक बिचको सम्बन्ध जस्ता कुराहरुलाई प्रभावकारी तत्वहरुका रुपमा लिनसकिने भन्ने जस्ता उत्तरहरु प्राप्त भएको छ ।

## ४.३ अंग्रेजी माध्यमबाट पठन पाठन गराउँदा झेल्नु परेका समस्याहरु

छनोटमा परेका विद्यालयमा अंग्रेजी माध्यमबाट पठन पाठन गराउँदा के कस्ता समस्याहरु रहेका छन् भन्ने बारेमा छनोटमा परेका विद्यालयका शिक्षक, अभिभावक, विद्यार्थी, प्र.अ. तथा स्रोतव्यक्तिसँग छलफल तथा अन्तरक्रिया गरी निम्नानुसारका उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### ४.३.१ दक्ष शिक्षकको नियुक्ति हुन नसक्नु

छनोमा परेका अंग्रेजी माध्यमबाट अध्यापन भएका सामुदायिक विद्यालयमा अंग्रेजी शिक्षणबाट अध्यापन गराउँदै आएको भए पनि पुरानै दरबन्दीमा कर्यरत शिक्षकहरुले अध्यापन गराउँदै आएको पाइयो । विगतमा नेपाली माध्यमबाट अध्यापन गराएका शिक्षकहरुले अहिले आएर अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा असहजता भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षक ,विद्यार्थी प्र.अ. एवम् अभिभावकसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । यसरी प्राप्त जानकारी अनुसार किताब अंग्रेजी माध्यममा भए पनि विद्यायमा अध्यापन गर्दा शिक्षकले अंग्रेजी वातावरण तयार गर्न नसक्ने हूँदा शैक्षिक उपलब्धिमा वृद्धि हुन नसकेको भन्ने जस्ता उत्तरहरु अभिभावकबाट जानकारी प्राप्त भएको थियो ।

विद्यालयमा सबै शिक्षकहरु दरबन्दिका नभएर कतिपय शिक्षकहरु निजीस्तरबाट नियुक्त गर्नुपर्ने बाध्यता रहेको जसमा विद्यालयको आन्तरकि स्रोतबाट सेवा सुविधा प्रदान गर्नुपर्ने हुँदा दक्ष विद्यालयले उचित सेवा सुविधा निदन नसकेकै कारणले दक्ष शिक्षक नियुक्त भए पनि विद्यालयमा लामो समय सम्म नरहने जस्ता समस्या रहेको पाइयो । फलस्वरुप विद्यालयको पठन पाठनमा समेत समस्या सृजना हुने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.३.२ निरीक्षण एवम् अनुगमन कार्यलाई प्रभावकारी हुन नसक्नु

कुनै संघ संस्थामा व्यक्तिले गर्ने कार्यकलाप के कसरी सम्पन्न भएको छ ? संस्था के कसरी चलनेको भन्ने बारेमा निरीक्षण एवम् अनुगमन हुनु आवश्यक रहन्छ । अंग्रेजी माध्यमबाट अध्यापन भएका विद्यालयहरुमा प्र.अ.को आफ्नै कार्यव्यस्ता रहेको, शिक्षकहरुको के कसरी अध्यापन गराएका छन् भन्ने बारेमा समय सयमा निरीक्षण गर्न नभ्याएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा  परेका विद्यालयहरुमा स्रोतव्यक्तिसँग गरिएको अन्तरक्रिया अनुसार पनि विद्यालयमा समय समयमा उपस्थित भएर निरीक्षण एवम् अनुगमन कार्य पूर्ण रुपमा गर्न नसकेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । स्रोतकेन्द्रबाट स्रोतव्यक्ति निरीक्षण एवम् अनुगमनका लागि आए पनि कार्यालय भित्रका काममा नै व्यस्त रहने, प्र.अ.सँगको छलफल एवम् अन्तरक्रिया पश्चात अन्य शिक्षकहरुले के कसरी अध्यापन गराउँदै आउनु भएको छ ? विद्यालय प्रशासनको अवस्था के कस्तो छ भन्ने जस्ता कुराहरुमा खासै चासो नदेखाउने जस्ता समस्याहरु रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.३.३ जनचेतनाको अभिवृद्धि हुन नसक्नु

शैक्षिक उपलब्धिको विकास गराउनका लागि सर्वप्रथमतः जनचेतनाको अभिवृद्धि हुनु आवश्यक छ । अझैसम्म हाम्रो समाजका अभिभावकहरुमा पढाएर के हुन्छ, सामान्य साक्षरता भए भइ हाल्छनी भन्ने जस्ता भावना हरु रहेको तथ्य छनोटमा परेका अध्ययन स्थलका अभिभावकसँग गरिएको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको हुँदा अभिभावकहरुलाई जनचेतनाको अभिवृद्धि गराएर बालबालिकाहरुलाई घरमा पढ्ने वातावरणको सृजना गर्नका लागि प्रोत्साहन गर्न सकेका खण्डमा भोलिका शैक्षिक उपलब्धि अझ प्रभावकारी हुन सक्ने तथ्य विद्यालयका वि.व्य.स. अध्यक्ष एवम् प्र.अ.सँगको अन्तरवार्ता प्रश्नावलीका आधारमा जानकारी प्राप्त भएको थियो ।

अभिभावकको शिक्षाप्रतिको धारणा सकरात्मक भएका खण्डमा नै बालबालिकाले उचित ज्ञान लिन सक्ने, घरमा पढ्ने वातावरण सृजना हुनुका साथै आफूहरुले उचित मार्गदर्शन गर्न सके पनि टिउसन, कोचिङको समेत व्यवस्था गरेर बालबालिकाहरुलाई पढाउन सक्ने हुँदा आफ्ना बाबुनानीहरुले गुणस्तरी शिक्षा पाउनु आवश्यक छ भन्ने कुराको प्रत्यानुभूति अभिावकमा गराउनु आवश्यक रहेको भन्ने जस्ता उत्तरहरु स्रोतव्यक्तसँगको छलफल एवम् अन्तरक्रियाबाट समेत जानकारी प्राप्त भएको थियो । त्यसैगरी छनोटमा परेका विद्यालयहरुमा दक्ष अभिभावक, घरमा पढ्ने वातावरण पाएका विद्यार्थीहरुको शैक्षिक

उपलब्धि वृद्धि भएको, बालकले विद्‌यालयमा आएर पनि पढ्ने मन गरेको र सिकाइप्रति उत्सुक हुने गरेको भन्ने जस्ता उत्तरहरु शिक्षकहरुसँगको अन्तरक्रियाबाट समेत जानकारी प्राप्त भएको हुँदा भोलिका दिनमा अंग्रेजी माध्यमबाट अध्यापन भएका विद्यायमा शैक्षिक उपलब्धिको वृद्धि गर्नका लागि अभिभावकहरुलाई जनचेतना जगाउनु आवश्यक रहेको तथ्य प्राप्त भएको छ ।

### ४.३.३ विद्‌यालयको आर्थिक स्तर कमजोर हुनु

कुनै पनि विद्‌यालयमा के कस्तो पढाइ हुन्छ भन्ने कुराको जानकारी त्यस विद्‌यालयको भौतिक संरचनाबाट अड्कल गरीने, अहिलेका बालबालिकाहरु राम्रो भवन भएका विद्‌यालयहरुमा नै आकर्षित हुन जस्ता समस्याहरु रहेको उचित भौतिक व्यवस्थापन गर्न सकेका खण्डमा निजि विद्‌यालयमा अध्ययन गरि रहेका दक्ष विद्यार्थीहरुलाई विद्‌यालयमा भित्र्याएर शैक्षिक उपलब्धि वृद्धि गराउन सकिने भन्ने जस्ता उत्तरहरु प्र.अ.सँगको अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । विद्‌यालयको आर्थिक अवस्था नाजुक रहेको, आन्तरिक स्रोत जुटाउन नसकिने जस्ता समस्याहरुकै कारणले गर्दा वर्षादको समयमा पानी चुहिने भवनहरुमा समेत बालबालकाहरुलाई राखेर अध्यापन गर्नुपर्ने बाध्यता, कतिपय झ्यालहरुमा सिसानै नभएको, भएका भौतिक संरचना पनि मर्मत गर्नुपर्ने अवस्थामा रहेको हुँदा हावाहुरी आउँदा कक्षा बन्द गर्नु पर्ने जस्ता समस्याहरु विद्‌यालयमा रहेकोले उनीहरुको ध्यानाकर्षण भनेको राम्रो भौतिक अवस्था भएका विद्‌यालयमा हुने र कतिपय राम्रा विद्यार्थीले बिचैमा कक्षा छाडने जस्ता सस्या हरको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३.४ शिक्षकलाई तालिमको व्यवस्था हुन नसक्नु

अंग्रेजी माध्यमबाट अध्यापन भएका विद्‌यालयमा कतिपय शिक्षकहरु निजिस्तरबाट नियुक्ति गरिएको र उनीहरुका लागि कुनै पनि तालिमको व्यवस्था हुन नसकेको तथ्य अध्ययनका क्रममा अवलोकन फारमका आधारमा गरिएको छलफल एवम् अवलोकनबाट जानकारी प्राप्त भएको थियो । शिक्षा भनेको समयानुसार परिवर्ति भएर त्यसैअनुसार

आफूलाई परिमार्जन गरी विद्यार्थीलाई सिकाउनु पर्ने कुरा भएको हुँदा तालिम अप्राप्त शिक्षकले पाठ्यक्रमलाई मात्र मध्यनजर गर्ने र के कसरी बालबालिकाहरुलाई बालसुलभ वातावरणमा शिक्षण गरेर शैक्षिक उपलब्धि बढी मात्रामा वृद्धि गर्न सकिन्छ भन्ने कुराको जानकारी नहुँने हुँदा शिक्षकलाई तालिमको अपरिहार्यता रहेको, आवश्यक तालिमको उपलब्धता हुन नसकेका कारणले गर्दा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा समस्या सृजना भएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.३.५ समय समयमा छलफल तथा अन्तरक्रियाको अभाव

बालबालिकाहरुको शैक्षिक उपलब्धि के कसरी वृद्धि गर्ने भन्ने सन्दर्भमा छलफल तथा अन्तरक्रियाले प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछ भन्ने जस्ता उत्तरहरु, अभिभावक, शिक्षक, प्र.अ. एवम् वि.व्य.स. अध्यक्षबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा विद्यार्थीको शैक्षिक उपलब्धिका सन्दर्भमा, के कसरी अध्यापन गराउने भन्ने जस्ता कुराहरुलाई आधार बनाएर समय सयमा स्टाफ मिटिङ बस्ने गरेको भए पनि विद्यार्थी अभिभावक, शिक्षक, वि.व्य.स., सबैलाई समेटेर एकै ठाउँमा राखी छलफल तथा अन्तरक्रिया हुन नसकेको भन्ने जस्ता उत्तरहरु प्र.अ.हरुबाट जानकारी प्राप्त भएको थियो । विद्यार्थीमा के कस्ता समस्या रहेका छन् भन्ने बारेमा शिक्षक, विद्यार्थी र अभिभावकको त्रिकोणात्मक अन्तरक्रियाबाट पहिचान हुन सकेका खण्डमा बालकमा देखिएका कमी कमजोरीको सुधार गरी न्यूनीकरणका उपायहरुहरु अपनाउनका लागि प्रभावकारी भूमिका निर्वाह हुन सक्ने भन्ने जस्ता उत्तरहरु शिक्षक एवम् प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । त्यसैगरी अभिभावकहरुसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार पनि विद्यालयमा विद्यार्थीहरुलाई भर्ना गरेपछि अध्यापन गर्ने जिम्मेवारी भनेको शिक्षकको रहेको हुन्छ, आफूहरुले कार्यव्यस्ताको कारण विद्यालयमा उपस्थित भएर छलफल एवम् अन्तरक्रिया गर्नका लागि नभ्याएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको हुँदा अभिभावक, शिक्षक, एवम् विद्यार्थी बिचको अन्तरक्रिया प्रभावकारी हुन नसकेको पाइयो ।

### ४.३.६ विद्यालयलमा राजनीतिक गतिविधिको अन्त्य हुन नसक्नु

विद्यालयको संचालक समिति बढी राजनीति तर्फ केन्द्रित रहि, निर्णय गर्ने तथा दलिय हिसवले योजना बनाउने जस्ता कुराहरुलाई बढी प्राथमिकता दिने गरेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका अभिभावक एवम् शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो। जसको कारण सार्वजनिक विद्यालयको शैक्षिक अवस्था कमजोर हुँदै गइरहेको र विद्यार्थी भर्ना संख्या बढाउन नसकेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । सार्वजनिक विद्यालयका शिक्षक/शिक्षिकाहरुलाई बढुवा सरुवा गर्दा न्यायिक र समानताको आधारमा नभई चाकडी र चाप्लुसी एवम् पाटीगत धारणालाई हेरेर कार्यकलाप गरिने भएको हुँदा विद्यालयका धेरै शिक्षकहरु निरुत्साही भएको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

मायो मानव व्यवस्थापन र मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा अंग्रेजी माध्यमबाट अध्यापन गरिएका विद्यालयमा विद्यार्थीहरुलाई निजि विद्यालयले जसरी सुमधुर एवम् मानवीय वातावरणमा बालकेन्द्रित तवरले अध्यापन गराउनका लागि प्रयासरत रहेको फल स्वरुप उपलब्धि वृद्धिउन्मूख रहेको तथ्य प्राप्त भएको छ । त्यसैगरी विद्यार्थीका आधारभूत आवश्यकताहरुलाई बुझ्ने प्रयास गरिएको भएको भए पनि अंग्रेजीमा विद्यार्थी कति कमजोर छन् भन्ने बारेमा उनीहरुको अधार पहिचान नगरी सिधै अंग्रेजी माध्यमबाट अध्यापन गराएकै कारणले पनि उपलब्धि आशातित रहन सकेको छैनन भन्ने जस्ता उत्तरहरु यस अध्ययन अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो । विगतका २ वर्षहरुको कक्षा ६,७ र ८ को शैक्षिक उपलब्धिलाई समेत विश्लेषण गरीएको प्रस्तुत शोधपत्रमा सबै विद्यालयमा शैक्षिक आशातित हुन नसकेका पनि उत्तीर्ण विद्यार्थीको अवस्था भने ९५ प्रतिशत माथि रहेको पाइयो । विद्यार्थी उत्तीर्णदर धेरै भए पनि शैक्षिक गुणस्तर प्रभावकारी हुन नसकेको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयको आर्थिक अवस्था कमजोर रहनु, राम्रो भन्दा पनि हाम्रो मान्छे नियुक्ति गर्ने परम्परा रहनु, उपयुक्त शैक्षिक सामग्रीको प्रयोग हुन नसक्नु,शिक्षकलाई अत्याधिक पिरियडभार रहनु,

विद्यालयको भौतिक अवस्था कमजोर हुनु जस्ता विविध पक्षहरुले गर्दा अंग्रेजी माध्यमबाट अध्यापन भएका विद्यालयहरुमा पनि शैक्षिक उपलब्धि आशातित हुन नसकेको हुँदा भोलिका दिनमा एल्टन मायो तथा मास्लोको अभिप्रेरणा सम्बन्धित सिद्धान्त अनुरुप नै विद्यार्थीका आधारभूत आवश्यकताको पहिचान गरेर अंग्रेजीमा उसको आधार पहिचान गरी शिक्षण गर्नु आवश्यक रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.४ अंग्रेजी माध्यमबाट शिक्षण प्रभावकारी बनाउने उपायहरु

अंग्रेजी माध्यमिबाट अध्यापन गर्दा विद्यार्थीको शैक्षिक उपलब्धि के कस्तो रहेको छ भन्ने कुरालाई आधार मानेर तयार पारिएको प्रस्तुत शोधपत्रमा अनुसन्धान कर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको छलफल, अन्तरक्रिया तथा अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्राप्त तथ्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ४.४.१ दक्ष शिक्षकको नियुक्ति गर्नु पर्ने

छनोमा परेका अंग्रेजी माध्यमबाट अध्यापन भएका सामुदायिक विद्यालयमा अंग्रेजी शिक्षणबाट अध्यापन गराउँदै आएको भए पनि पुरानै दरबन्दीमा कर्यरत शिक्षकहरुले अध्यापन गराउँदै आएको पाइयो ।विगतमा नेपाली माध्यमबाट अध्यापन गराएका शिक्षकहरुले अहिले आएर अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा असहजता भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षक ,विद्यार्थी प्र.अ. एवम् अभिभावकसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । यसरी प्राप्त जानकारी अनुसार किताब अंग्रेजी माध्यममा भए पनि विद्यायमा अध्यापन गर्दा शिक्षकले अंग्रेजी वातावरण तयार गर्न नसक्ने हूँदा शैक्षिक उपलब्धिमा वृद्धि हुन नसकेको हुँदा स्तरीय एवम् अंग्रेजीमाध्यमबाट अध्ययन गरेका शिक्षकहरुको नियुक्त हुन सकेका खण्डमा नै शिक्षण प्रभावकारी हुन गई शैक्षिक उपलब्धि वृद्धि हुन सक्दछ भन्ने जस्ता उत्तरहरु अभिभावकबाट जानकारी प्राप्त भएको थियो ।

विद्यालयमा सबै शिक्षकहरु दरबन्दिका नभएर कतिपय शिक्षकहरु निजीस्तरबाट नियुक्त गर्नुपर्ने बाध्यता रहेको जसमा विद्यालयको आन्तरकि स्रोतबाट सेवा सुविधा प्रदान गर्नुपर्ने हुँदा दक्ष विद्यालयले उचित सेवा सुविधा निदन नसकेकै कारणले दक्ष शिक्षक नियुक्त भए पनि विद्यालयमा लामो समय सम्म नरहने जस्ता समस्या रहेको हुँदा उचित सेवा सुविधा प्रदान गर्नुका साथै शिक्षक नियुक्तिमा समेत पारदर्शी हुन सकेको खण्डमा योग्य शिक्षक विद्यालयमा भित्रिन पुगी शिक्षण कार्यकलाप प्रभावकारी बन्ने र शैक्षिक उपलब्धि वृद्धिमा सहयोग पुग्ने भन्ने जस्ता उत्तरहरु छनोटमा परेका अध्ययन स्थलका प्र.अ., विद्यार्थी एवम् अभिभावकबाट जानकारी प्राप्त भएको थियो ।

### ४.४.२ निरीक्षण एवम् अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्ने

कुनै संघ संस्थामा व्यक्तिले गर्ने कार्यकलाप के कसरी सम्पन्न भएको छ ? संस्था के कसरी चलनेको भन्ने बारेमा निरीक्षण एवम् अनुगमन हुनु आवश्यक रहन्छ । अंग्रेजी माध्यमबाट अध्यापन भएका विद्यालयहरुमा प्र.अ.को आफ्नै कार्यव्यस्ता रहेको, शिक्षकहरुको के कसरी अध्यापन गराएका छन् भन्ने बारेमा समय सयमा निरीक्षण गर्न नभ्याएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको हुँदा शैक्षिक उपलब्धिको वृद्धि विकास गर्नका लागि विद्यालय प्र.अ.बाट निरीक्षण एवम् अनुगमन कार्यलाई प्रभवाकारी गराउनुका साथै शिक्षकहरुमा रहेका समस्याहरुको पहिचान गरी सोही अनुसार व्यवस्था मिलाउन सकेका खण्डमा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्न गई शैक्षिक उपलब्धि वृद्धि हुन सक्दछ भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा शिक्षकहरुसँगको अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

छनोटमा परेका विद्यालयहरुमा स्रोतव्यक्तिसँग गरिएको अन्तरक्रिया अनुसार पनि विद्यालयमा समय समयमा उपस्थित भएर निरीक्षण एवम् अनुगमन कार्य पूर्ण रुपमा गर्न नसकेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । स्रोतकेन्द्रबाट स्रोतव्यक्ति निरीक्षण एवम् अनुगमनका लागि आए पनि कार्यालय भित्रका काममा नै व्यस्त रहने, प्र.अ.सँगको छलफल एवम् अन्तरक्रिया पश्चात अन्य शिक्षकहरुले के कसरी अध्यापन

गराउँदै आउनु भएको छ ? विद्यालय प्रशासनको अवस्था के कस्तो छ भन्ने जस्ता कुराहरुमा खासै चासो नदेखाउने भन्ने जस्ता उत्तरहरु शिक्षकहरुबाटसेमत प्राप्त भएको हुँदा सम्बन्धित सरोकारवालाहरुले निरीक्षण एवम् अनुगमन कार्यकलापलाई प्रभवाकारी बनाइ उचित मूल्यांकन गरेर दक्ष शिक्षकलाई प्रोत्साहन गर्ने र कमीकमजोरी देखिएमा सुधारका लागि सुझाव प्रदान गर्न सकका खण्डमा भोलिका दिनमा विद्यालयको शैक्षिक उपलब्धि विकासका लागि थप सहयोग पुग्ने तथ्य अध्ययन स्थलका शिक्षक, अभिभावक, वि.व्य.स अध्यक्षहरुबाट जानकारी प्राप्त भएको थियो ।

### ४.४.३ जनचेतनाको अभिवृद्धि गराउनु पर्ने

शैक्षिक उपलब्धिको विकास गराउनका लागि सर्वप्रथमतः जनचेतनाको अभिवृद्धि हुनु आवश्यक छ । अझैसम्म हाम्रो समाजका अभिभावकहरुमा पढाएर के हुन्छ, सामान्य साक्षरता भए भइ हाल्छनी भन्ने जस्ता भावना हरु रहेको तथ्य छनोटमा परेका अध्ययन स्थलका अभिभावकसँग गरिएको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको हुँदा अभिभावकहरुलाई जनचेतनाको अभिवृद्धि गराएर बालबालिकाहरुलाई घरमा पढ्ने वातावरणको सृजना गर्नका लागि प्रोत्साहन गर्न सकेका खण्डमा भोलिका शैक्षिक उपलब्धि अझ प्रभावकारी हुन सक्ने तथ्य विद्यालयका वि.व्य.स. अध्यक्ष एवम् प्र.अ.सँगको अन्तरवार्ता प्रश्नावलीका आधारमा जानकारी प्राप्त भएको थियो ।

अभिभावकको शिक्षाप्रतिको धारणा सकरात्मक भएका खण्डमा नै बालबालिकाले उचित ज्ञान लिन सक्ने, घरमा पढ्ने वातावरण सृजना हुनुका साथै आफूहरुले उचित मार्गदर्शन गर्न सके पनि टिउसन, कोचिङको समेत व्यवस्था गरेर बालबालिकाहरुलाई पढाउन सक्ने हुँदा आफ्ना बाबुनानीहरुले गुणस्तरी शिक्षा पाउनु आवश्यक छ भन्ने कुराको प्रत्यानुभूति अभिावकमा गराउनु आवश्यक रहेको भन्ने जस्ता उत्तरहरु स्रोतव्यक्तसँगको छलफल एवम् अन्तरक्रियाबाट समेत जानकारी प्राप्त भएको थियो । त्यसैगरी छनोटमा परेका विद्यालयहरुमा दक्ष अभिभावक, घरमा पढ्ने वातावरण पाएका विद्यार्थीहरुको शैक्षिक उपलब्धि वृद्धि भएको, बालकले विद्यालयमा आएर पनि पढ्ने मन गरेको र सिकाइप्रति

उत्सुक हुने गरेको भन्ने जस्ता उत्तरहरु शिक्षकहरुसँगको अन्तरक्रियाबाट समेत जानकारी प्राप्त भएको हुँदा भोलिका दिनमा अंग्रेजी माध्यमबाट अध्यापन भएका विद्यायमा शैक्षिक उपलब्धिको वृद्धि गर्नका लागि अभिभावकहरुलाई जनचेतना जगाउनु आवश्यक रहेको तथ्य प्राप्त भएको छ ।

### ४.४.४ विद्यालयको आर्थिक स्तर सुधार गरी भौतिक संरचनामा सुधार गर्नुपर्ने

कुनै पनि विद्यालयमा के कस्तो पढाइ हुन्छ भन्ने कुराको जानकारी त्यस विद्यालयको भौतिक संरचनाबाट अड्कल गरीने, अहिलेका बालबालिकाहरु राम्रो भवन भएका विद्यालयहरुमा नै आकर्षित हुन जस्ता समस्याहरु रहेको उचित भौतिक व्यवस्थापन गर्न सकेका खण्डमा निजि विद्यालयमा अध्ययन गरि रहेका दक्ष विद्यार्थीहरुलाई विद्यालयमा भित्र्याएर शैक्षिक उपलब्धि वृद्धि गराउन सकिने भन्ने जस्ता उत्तरहरु प्र.अ.सँगको अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । विद्यालयको आर्थिक अवस्था नाजुक रहेको, आन्तरिक स्रोत जुटाउन नसकिने जस्ता समस्याहरुकै कारणले गर्दा वर्षादको समयमा पानी चुहिने भवनहरुमा समेत बालबालकाहरुलाई राखेर अध्यापन गर्नुपर्ने बाध्यता, कतिपय झ्यालहरुमा सिसानै नभएको, भएका भौतिक संरचना पनि मर्मत गर्नुपर्ने अवस्थामा रहेको हुँदा हावाहुरी आउँदा कक्षा बन्द गर्नु पर्ने जस्ता समस्याहरु विद्यालयमा रहेकोले उनीहरुको ध्यानाकर्षण भनेको राम्रो भौतिक अवस्था भएका विद्यालयमा हुने र कतिपय राम्रा विद्यार्थीले बिचैमा कक्षा छाडने जस्ता सस्या हरको हुँदा भौतिक व्यवस्थापनलाई उचित तवरले गर्न सकेका खण्डा शिक्षण प्रभावकारी हुने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.४.५ शिक्षकलाई तालिमको व्यवस्था हुनुपर्ने

अंग्रेजी माध्यमबाट अध्यापन भएका विद्यालयमा कतिपय शिक्षकहरु निजिस्तरबाट नियुक्ति गरिएको र उनीहरुका लागि कुनै पनि तालिमको व्यवस्था हुन नसकेको तथ्य अध्ययनका क्रममा अवलोकन फारमका आधारमा गरिएको छलफल एवम् अवलोकनबाट जानकारी प्राप्त भएको थियो । शिक्षा भनेको समयानुसार परिवर्ति भएर त्यसैअनुसार आफूलाई परिमार्जन गरी विद्यार्थीलाई सिकाउनु पर्ने कुरा भएको हुँदा तालिम अप्राप्त

शिक्षकले पाठ्यक्रमलाई मात्र मध्यनजर गर्ने र के कसरी बालबालिकाहरुलाई बालसुलभ वातावरणमा शिक्षण गरेर शैक्षिक उपलब्धि बढी मात्रामा वृद्धि गर्न सकिन्छ भन्ने कुराको जानकारी नहुँने हुँदा शिक्षकलाई तालिमको अपरिहार्यता रहे भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षकहरुसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । त्यसैगरी प्राप्त जानकारी अनुसार भोलिका दिनहरुमा निजिस्तरका शिक्षकलाई पनि उचित तालिमको व्यवस्था हुनुका साथै पुनरतार्जगी तालिमको समेत व्यवस्था हुन सकेका खण्डभा शैक्षिक उपलब्धि अरु वृद्धि हुन सक्दछ भन्ने जस्ता उत्तरहरु प्र.अ., शिक्षक, अभिभावकबाट जानकारी प्राप्त भएको थियो ।

### ४.४.६ समय समयमा छलफल तथा अन्तरक्रिया हुनु पर्ने

बालबालिकाहरुको शैक्षिक उपलब्धि के कसरी वृद्धि गर्ने भन्ने सन्दर्भमा छलफल तथा अन्तरक्रियाले प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछ भन्ने जस्ता उत्तरहरु, अभिभावक, शिक्षक, प्र.अ. एवम् वि.व्य.स. अध्यक्षबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा विद्यार्थीको शैक्षिक उपलब्धिका सन्दर्भमा, के कसरी अध्यापन गराउने भन्ने जस्ता कुराहरुलाई आधार बनाएर समय सयमा स्टाफ मिटिङ बस्ने गरेको भए पनि विद्यार्थी अभिभावक, शिक्षक, वि.व्य.स., सबैलाई समेटेर एकै ठाउँमा राखी छलफल तथा अन्तरक्रिया हुन नसकेको भन्ने जस्ता उत्तरहरु प्र.अ.हरुबाट जानकारी प्राप्त भएको थियो । विद्यार्थीमा के कस्ता समस्या रहेका छन् भन्ने बारेमा शिक्षक, विद्यार्थी र अभिभावकको त्रिकोणात्मक अन्तरक्रियाबाट पहिचान हुन सकेका खण्डमा बालकमा देखिएका कमी कमजोरीको सुधार गरी न्यूनीकरणका उपायहरुहरु अपनाउनका लागि प्रभावकारी भूमिका निर्वाह हुन सक्ने भन्ने जस्ता उत्तरहरु शिक्षक एवम् प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । त्यसैगरी अभिभावकहरुसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार पनि विद्यालयमा विद्यार्थीहरुलाई भर्ना गरेपछि अध्यापन गर्ने जिम्मेवारी भनेको शिक्षकको रहेको हुन्छ, आफूहरुले कार्यव्यस्ताको कारण विद्यालयमा उपस्थित भएर छलफल एवम् अन्तरक्रिया गर्नका लागि नभ्याएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको हुँदा अभिभावक, शिक्षक, एवम् विद्यार्थी बिचको अन्तरक्रिया प्रभावकारी हुन नसकेको पाइयो । जसले गर्दा बालबालिकाहरुका कमी कमजोरी के कस्ता

रहेका छन् भन्ने बारेमा पहिचान गर्नका लागि शिक्षककहरुलाई समेत असहजता भएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा छनोटमा परेका विद्यालयबाट जानकारी प्राप्त भएको थियो ।

### ४.४.७ विद्यालयलमा राजनीतिक गतिविधिको न्यूनीकरण हुनुपर्ने

विद्यालयको संचालक समिति बढी राजनीति तर्फ केन्द्रित रहि, निर्णय गर्ने तथा दलिय हिसवले  योजना बनाउने जस्ता कुराहरुलाई बढी प्राथमिकता दिने गरेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका अभिभावक एवम् शिक्षककहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो। जसको कारण सार्वजनिक विद्यालयको शैक्षिक अवस्था कमजोर हुँदै गइरहेको र विद्यार्थी भर्ना संख्या बढाउन नसकेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको हुँदा शिक्षण कार्यकलापमा बढी चासो दिएर सबै शिक्षककहरुलाई समान व्यवहार गरेर शिक्षक, विद्यार्थी, एवम् विद्यालय प्रशासन बिचमा सुमधुर सम्बन्ध कायम गर्न सकेका खण्डमा भोलिका दिनमा शैक्षिक उपलब्धि वृद्धिका लागि थप सहयोग पुग्ने तथ्य अध्ययनका लागि छनोटमा परेका शिक्षक, अभिभाव, विद्यार्थी एवम् प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।  सार्वजनिक विद्यालयका शिक्षक/शिक्षिकाहरुलाई बढुवा सरुवा गर्दा न्यायिक र समानताको आधारमा नभई चाकडी र चाप्लुसी एवम् पाटीगत धारणालाई हेरेर कार्यकलाप गरिने भएको हुँदा विद्यालयका धेरै शिक्षकहरु निरुत्साही भएको भन्ने जस्ता उत्तर समेत शिक्षककहरुबाट जानकारी प्राप्त भएको थियो । विद्यालयले शैक्षिक उपलब्धिको वृद्धि गराउनक लागि शिक्षकलाई प्रोत्साहन गरी राम्रो शिक्षकलाई प्राथमिकता दिने कार्यलाई अगाडि बढाउन सकेका खण्डमा भोलिका दिनमा अंग्रेजी माध्यमबाट शैक्षिक उपलब्धि वृद्धि गर्नमा थप सहयोग पुग्ने तथ्य प्राप्त भएको छ ।

छनोटमा परेका विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा देखिएका समस्याहरुलाई समाधान गर्नका लागि एल्टन मायो तथा मास्लोको अभिप्रेरणा सम्बन्धित सिद्धान्त अनुरुप नै विद्यार्थीका आधारभूत आवश्यकताको पहिचान गरेर अंग्रेजीमा उसको आधार पहिचान गरी शिक्षण गर्नु आवश्यक रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । साथै विद्यार्थीलाई बालसुलभ ढंगबाट बालकेन्द्रित विधिको प्रयोग गरी अध्यापन गराउन सकेका खण्डमा सिकाइ उपलब्धि अरु वृद्धि हुन सक्ने तथ्य समेत छनोटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको छलफल, अन्तरक्रिया एवम् अवलोकन फारमा आधारमा प्राप्त तथ्यहरुबाट जानकारी प्राप्त भएको थियो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

प्रस्तुत शोधपत्रलामा उद्देश्य अनुसार पूर्णता प्रदान गर्ने क्रममा प्राप्त तथ्यलाई व्याख्या एवम् विश्लेषण गरी त्यसको प्राप्तिलाई सारांशका रुपमा समेत प्रस्तुत गरिएको छ । जसबाट प्राप्त प्राप्तिका अधारमा निष्कर्ष प्रस्तुत गरेर भोलिका दिनहरुमा के कस्ता कार्यकलाप हुन सकेका खण्डभा शिक्षण सिकाइ उपलब्धि अरु वृद्धि गर्न सकिन्छ भन्ने कुरामा नीति निर्माण तह, अनुसन्धान तह र कार्यान्वयन तहका लागि छुट्टा छुट्टै सुझाव प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिको वर्तमान अवस्था पहिचान गर्नु, अंग्रेजी माध्यमका सामुदायिक विद्यालयहरुलाई प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु, अंग्रेजी माध्यमाट पठन पाठन गराउँदा झेल्नुपरेका समस्याहरुको लेखाजोखा गर्नु, अंग्रेजी माध्यमबाट पठनपाठन गराउँदा देखिएका समस्याहरुको समाधानका उापयहरु सुझाउनु जस्ता उद्देश्यहरुमा शोधपत्रलाई केन्द्रित गरिएको छ ।

अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिको वर्तमान अवस्था के कस्तो छ ?किन सामुदायिक विद्यालयले अंग्रेजी माध्यमबाट अध्यापन गराउन थालि रहेका छन् ?अंग्रेजी माध्यमका सामुदायिक विद्यालयलाई प्रभाव पार्ने तत्वहरु के के हुन सक्छन् ? सामुदायिक विद्यालयमा अंग्रेजी मध्यमको शिक्षा प्रभावकारी भएको छ या छैन ? सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा देखिएका सामस्या

के के हुन सक्छन् ?अंग्रेजी माध्यमबाट पठनपाठन गराउँदा देखिएका समस्याहरुको समाधानका उापयहरु के के हुन सक्छन् ? भन्ने जस्ता कुराहरुलाई मुख्य समस्याका रुपमा लिएर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्त र मायोको मानव व्यवस्थापन सम्बन्धी सिद्धान्तलाई अधार मानेर गरिएको प्रस्तुत शोधपत्रमा शोधपत्रलाई गुणात्मक तवरबाट व्याख्या एवम् विश्लेषण गरिएको छ :

छनोटमा परेको विद्यालय श्री लक्ष्मी उ.मा.वि. अंग्रेजी माध्यमबाट अध्ययन गरिरहेका बालबाबालकाहरुको शैक्षिक उपलब्धि के कस्तो छ ? कक्षा ६, ७ र ८ मा अध्ययन गर्ने बालबालिकाहरुले सन्तोष जनक उपलब्धि हासिल गर्न सकेका छन् कि छैनन् ? उनीहरुको शैक्षिक उपलब्धि सुधारोन्मुख छ कि छैन भन्ने जस्ता कुराहरुलाई अधार मानेर गरिएको अध्यनय एवम् अनुसन्धान अनुसार यस विद्यालयमा अंग्रेजी माध्यमबाट अध्ययन गर्दै आएका बालबीलकाहरुको शैक्षिक उपलब्धि सन्तोष जनक एवम् सुधारोन्मुख छ भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जनकारी प्राप्त भएको छ । विद्यालयमा शैक्षिक कक्षा ८ को शैक्षिक उपलब्धि पनि सुधारोन्मुख रहेको तथ्य प्राप्त भएको छ । शैक्षिक सत्र २०७१ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा श्रीपुर माध्यमिक विद्यालय श्रीपुरमा जम्मा विद्यार्थी १९ मध्येमा १९ जना विद्यार्थी परीक्षामा सम्मेलित भएर १९ जना विद्यार्थी उत्तीर्ण भएको पाइयो । त्यसैगरी श्री आदिकवि भानुभक्त उ.मा.वि.को शैक्षिक अवस्थाका बारेमा विश्लेषण गर्दा १२३ जना विद्यार्थीहरु मध्येमा १२० जना मात्र विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र ११८ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी श्री प्रेमवस्ति उ.मा.वि. कृष्णपुरमा शैक्षिक सत्र २०७१ मा कक्षा ८ को शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा ११० जना विद्यार्थीहरु मध्येमा ११० जना विद्यार्थीहरु परीक्षामा सम्मेलित भएको र जसमा १०९ जना विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी छनोटमा परेको विद्यालय श्री लक्ष्मी उ.मा.वि., लंकूमा कक्षा ८ मा रहेका ९८ जना विद्यार्थीहरु मध्येमा ९६ विद्यार्थीहरु परीक्षामा सम्मेलित

भएका थिए जस मध्येमा पनि ९६ जना विद्याथीरु उत्तीर्ण भएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

विद्यालयका विद्यार्थी, विद्यालय प्रशासन एवम् शिक्षक विचको सम्बन्ध, आर्थिक अवस्था, तालिम जस्ता कुराहरुले अंग्रेजी माध्यमको अध्यापनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । विद्यालयमा अंग्रेजी मध्यमबाट शैक्षिक उपलब्धि वृद्धि गराउनका लागि विद्यालयमा दक्ष शिक्षकको नियुक्ति हुन नसक्नु, राजनीतिक हस्तक्षेप रहनु, शैक्षिक सामग्रीको उचित प्रयोग गर्न नसक्नु जस्ता विविध कारणहरुलले गर्दा अंग्रेजी माध्यमको शैक्षिक उपलब्धि प्रभावकारी रुपमा वृद्धि गर्न नसकिएको हुँदा देखिएका कमी कमजोरीलाई आधार मानेर कमीकमजोरीको न्यूनी कराण हुन सकेका खण्डमा शैक्षिक उपलब्धि वृद्धि हुन सक्ने निष्कर्ष निकालिएको छ ।

## ५.२ सुझावहरु

उद्देश्य अनुसार शोधपत्रलाई पूर्णता प्रदान गर्ने क्रममा प्राप्त निष्कर्षका आधारमा नीतिगत तह, अनुसन्धान तह र कार्यान्वयन तहका लागि छुट्टा छुट्टै रुपमा निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

अंग्रेजी माध्यमबाट अध्यापन गराउनका लागि अंग्रेजी माध्यमका किताबहरु पनि नेपाली माध्यम जसरी नै निःशुल्क रुपमा वितरण गर्ने नीति सरकारी तवरबाट बनाउन सकेका खण्डमा अभिभावकमा आर्थिक भारको कम महशुस हुन गई अंग्रेजी माध्यममा आफ्ना बाबुनानीलाई भर्ना गर्न सक्नि देखिन्छ । कुनै पनि अंग्रजी माध्यमका विद्यालयहरुमा स्रोतकेन्द्रभरी एउटै किसिमको पाठ्यपुस्तक अनिवार्य गरिने नीति शिक्षा कार्यालयबाट लागु हुन सकेका खण्डमा पठन पाठनमा एक रुपता आउन गई शैक्षिक उपलब्धि वृद्धि हुने कार्यमा थप सहयोग पुग्न सक्ने देखिन्छ । अंग्रेजी माध्यमका लागि छुट्टै अभिमुखीकरण तालिमको व्यवस्था गर्ने नीति शिक्षा आयोग तथा सरकारी तवरबाटै हुनु पर्ने देखिन्छ । अंग्रेजी माध्यमबाट अध्यापन गराउने शिक्षकहरु विशेष गरी निजिस्तरबाट

नियुक्ति गर्नु पर्ने अवस्था रहेको र विद्यालयको आयस्रोतले नभ्याउने हुँदा विद्यालयमा शिक्षक नियुक्ति गर्दा अंग्रेजी माध्यमबाट अध्यापन गर्ने शिक्षिकको नियुक्ति गर्ने व्यवस्था सरकारी तवरबाट नै हुन सकेका खण्डमा अंग्रेजी माध्यमबाट पढाइ भएका विद्यालयमा दक्ष शिक्षकको प्रवेश हुन पुगि शैक्षिक उपलब्धि वृद्धि हुन सक्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

अंग्रेजी माध्यमका सामुदायिक विद्यालयमा शैक्षिक उपलब्धि नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा विद्यालयमा के कसरी अध्यापन भएको छ भन्ने बारेमा नीरिक्षण एवम् अनुगनको अभाव भएको तथ्य प्राप्त भएको हुँदा विद्यालय व्यवस्थापन समिति, विद्यालय प्र.अ.बाट अंग्रेजी माध्यमबाट अध्यापन गराउने शिक्षकहरुले के कसरी अध्यापन गराइ रहेका छन् ? उचित तवरबाट अंग्रेजी भाषाको प्रयोग हुन सकेको छ कि छैन भन्ने जस्ता कुराहरुको समय समयमा निरीक्षण एवम् अनुगमन गरी सोही अनुसार समस्या न्यूनीकरण गर्न सकेका खण्डमा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि थप सहयोग पुग्ने देखिन्छ । शिक्षा कार्यालयका स्रोतव्यक्ति एवम् वि.नि.हरुले समय सयमा विद्यालय उपस्थित भएर अंग्रेजी माध्यमबाट अध्यापन भएका विद्यालयमा उचित रुपले कार्यान्वयन भएका छन् कि छैनन ? अंग्रेजी माध्यमबाट अध्यापन गराउन शिक्षकमा के के समस्या जस्ता कुरामा छलफल तथा अन्तरक्रिया गरेर सोही अनुसार शिक्षक तथा प्र.अ.लाई कार्यान्वयनका लागि निर्देश गर्न सकेका खण्डमा शैक्षिक उपलब्धि वृद्धिमा थप सहयोग पुग्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

यस अध्ययन अनुसन्धानसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने जो कोही पनि अनुसन्धान कर्ताले भोलिका दिनमा अध्ययन अनुसन्धान गर्दा अंग्रेजी माध्यमबाट पढाइ भएका विद्यालयहरुको भौतिक अवस्था, विद्यार्थीहरुको अंग्रेजी माध्यमप्रतिको रुचि, शिक्षकको शिक्षण अवस्था, शैक्षिक उपलब्धि, विद्यालमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा देखिएका समस्याहरु तथा समस्या न्यूनकरणका उपायहरुका बारेमा गहन रुपमा

अध्ययन अनुसन्धान गरी सोही अनुसार समस्या पत्ता लगाएर समस्या न्यूनकरणका उपायहरु सुझाउन सकेका खण्डमा शैक्षिक उपलब्धि वृद्धिका लागि थप सहयोग पुग्ने देखिन्छ ।

भावि अनुसन्धानकर्ताहरुले  अंग्रेजी माध्यमका सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाको अवस्था, अंग्रेजी तथा नेपाली माध्यमबाट अध्यापन गराउँदा विद्यार्थी शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन, सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गर्नका लागि देखिएका चुनौती र सुझावहरु, सामुदायिक विद्यालयमा अंग्रेजी माध्यबाट अध्यापन गर्नका लागि स्थानीय संघ संस्थाहरुको भूमिका भन्ने जस्ता शीर्षकहरुमा गहन अध्ययन अनुसन्धान गरी सोही अनुसार तथ्य पत्ता लगाएर समस्या समाधानका उपायहरु समेत प्रस्तुत गर्न सकेका खण्डमा अंग्रेजी माध्यमका सामुदायिक विद्यालयमा शैक्षिक उपलब्धि वृद्धिका लागि थप सहयोग पुग्ने देखिन्छ :

# सन्दर्भ सामग्री


अधिकारी, चेतन (२०६९), *विद्यार्थी बढाउन टाई बेल्ट* काठमाडौँ : कान्तिपुर दैनिक ।

अधिकारी, विष्णुप्रसाद (२०६०), *अध्यापन अनुमति पत्र परीक्ष दर्पण,* काठमाडौँ : आषिक पुस्तक भण्डार ।

कार्की, बाबुराम (२०७२), *एस.एल.सी. पछिको बाटो,* www.karnadhaar.org असाढ १६ बुधबार ।

काफ्ले, वासुदेव र अन्य (२०६०), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौ : विद्यार्थी पुस्तक प्रकाशन, ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०५९), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र आचार्य, सुशन (२०६१), *सामाजिक न्यायको सेरोफेरो शिक्षा,* काठमाडौँ : स्टुडेन्टस, बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

चौधरी, बुद्धिराज (२०६७), *सार्वजनिक विद्यालयमा विद्यार्थी चाप कमी हुनुका कारणहरु, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* सप्तगण्डकि बहुमुखी क्याम्पस, चितवन ।

ढकाल, पार्वती,(२०६४), *सस्थागत तथा सामुदायिक विद्यालयका शिक्षकहरुको पारिश्रमिक र कार्यभार: एक तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

तिमिल्सिन, विनोद खण्ड, *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : क्षितिज प्रकाशन ।

पशुपति, पशुपति (२०७२), *शैक्षिक नीति असफ, कस्तो हुनुपर्छ नयाँ शैक्षिक नीति,* http://dainiknepal.com /

पौडेल, हरिराज (२०६०), *विद्यालय व्यवस्थापन समितिका भूमिका,* वेणी स्वर्णक स्मारिका, चितवन : चितवन मा.वि. ।

पौडेल, गुरुप्रसाद (२०१३), *नेपालमा शिक्षा र शैक्षिक प्रशासनको विकासक्रम,* http://nayayougbodh.com

बुढाथोकी, गजेन्द्र (२०७२), *शिक्षामा लगनी र प्रतिफल बिचको खाडल, खाडलः* http://edukhabar.com/index.php

राउत, कुमार (२०६१), *संस्थागत तथा समुदायिक विद्यालय व्यवस्थापन एक अध्ययन,* चितवन : अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

शर्मा, जयकृष्ण (२०६२), *सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा सरोकारवलाको सहभागिता एक तुलनात्मक अध्ययन,* चितवन : अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

श्रेष्ठ, चन्द्रबहादुर (२०६८), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* भोटाहिटी काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ,मकर (२०७१) घट्दो विद्यार्थी बढ्दो लगानी घट्दो विद्यार्थी, बढ्दो लगानी मकर श्रेष्ठ www.karnadhar.org, चैत्र १४ शनिबार ।

सापकोटा, रमाकान्त (२०५९), *विद्यालय समुदायमा हस्तान्तरण कति ठीक कति वेठीक,* चितवन : गोष्ठीमा प्रस्तुत अवधारण पत्र ।

सेरिड(१९८२) *अभिभावकहरुको शिक्षा प्रतिको आशा एवं धारण एक अनुसन्धान प्रतिवेदन,* त्रिपुरेश्वर काठमाडौं ।

Kontz and weihrich management *A global prospective* 10th edition mc graw Hill international editions.

Lockhead and J. ansion (1979), *Some determiners of School Participation in the Terai*, Word Bank Report.

Tuladhar, Suman, Kamal(2000) *A Situational Analysis Of Public and private Schools in Kathmandu*, Full right Alumni Association Nepal.

# अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि

## अनुसूची-५

### अवलोकन फारम

| | | | |
|---|---|---|---|
| सबै विषयमा अंग्रेजी माध्यममा अध्यापन गर्ने शिक्षकहरु | भएको | नभएको | |
| अंग्रेजी माध्यममा अध्यापन गराउने शिक्षकको न्यूनत योग्यता | पुगेको छ | पुगेको छैन | सबैको पुगेको छैन ? यदि छैन भने कति प्रतिशत अयोग्य शिक्षकहरु रहेका छन् ( ) |
| तालिम प्राप्त शिक्षकहरु | छन् | छैनन् | सबै छैनन् |
| शिक्षकहरु नियमित उपस्थित हुने गरेका छन् ? | छन् | छैनन् | |
| अंग्रेजी माध्यममा अध्यापन गराउने शिक्षकहरुको गृहकार्य जाँचको अवस्था | उत्तम | मध्यम | न्यून |
| विद्यार्थीको शैक्षिक उपलब्धि अवस्था | उत्तम | मध्यम | न्यून |

**शैक्षिक सत्र २०६९ मा ६,७,८ को शैक्षिक उपलब्धि विवरण**

| कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|
| विषयहरु | उपलब्धि प्रतिशतमा | विषयहरु | उपलब्धि प्रतिशतमा | विषय | उपलब्धि प्रतिशत |
| नेपाली | | नेपाली | | नेपाली | |
| अंग्रेजी | | अंग्रेजी | | अंग्रेजी | |

| | | | | | |
|---|---|---|---|---|---|
| सामाजिक | | सामाजिक | | सामाजिक | |
| पेशा व्यवसाय | | पूर्व व्यवसायिक | | पू.व्या. | |
| नैतिक | | नैतिक | | नैतिक | |
| जनसंख्या | | जनसंख्या | | जनसंख्या | |
| गणित | | गणित | | गणित | |
| विज्ञान | | विज्ञान | | विज्ञान | |
| स्वास्थ्य शारीरिक | | स्वास्थ्य शारीरिक | | स्वास्थ्य शारीरिक | |
| कम्प्युटर | | कम्प्युटर | | | |

**शैक्षिक सत्र २०६९ मा ६,७,८ को शैक्षिक उपलब्धि विवरण**

| कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|
| विषयहरु | उपलब्धि प्रतिशतमा | विषयहरु | उपलब्धि प्रतिशतमा | विषय | उपलब्धि प्रतिशत |
| नेपाली | | नेपाली | | नेपाली | |
| अंग्रेजी | | अंग्रेजी | | अंग्रेजी | |
| सामाजिक | | सामाजिक | | सामाजिक | |
| पेशा व्यवसाय | | पेशा व्यवसाय | | पेशा व्यवसाय | |
| नैतिक | | नैतिक | | नैतिक | |
| जनसंख्या | | जनसंख्या | | जनसंख्या | |
| गणित | | गणित | | गणित | |
| विज्ञान | | विज्ञान | | विज्ञान | |
| स्वास्थ्य शारीरिक | | स्वास्थ्य शारीरिक | | स्वास्थ्य शारीरिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| कम्प्युटर | | कम्प्युटर | | कम्प्युटर | |

**शैक्षिक सत्र २०६९ मा ६,७,८ को शैक्षिक उपलब्धि विवरण**

| कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|
| विषयहरु | उपलब्धि प्रतिशतमा | विषयहरु | उपलब्धि प्रतिशतमा | विषय | उपलब्धि प्रतिशत |
| नेपाली | | नेपाली | | नेपाली | |
| अंग्रेजी | | अंग्रेजी | | अंग्रेजी | |
| सामाजिक | | सामाजिक | | सामाजिक | |
| पेशा व्यवसाय | | पेशा व्यवसाय | | पेशा व्यवसाय | |
| नैतिक | | नैतिक | | नैतिक | |
| जनसंख्या | | जनसंख्या | | जनसंख्या | |
| गणित | | गणित | | गणित | |
| विज्ञान | | विज्ञान | | विज्ञान | |
| स्वास्थ्य शारीरिक | | स्वास्थ्य शारीरिक | | स्वास्थ्य शारीरिक | |
| कम्प्युटर | | कम्प्युटर | | कम्प्युटर | |

# अंग्रेजी  माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि

## अनुसूची-१

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुका लागि अन्रवार्ता सूची

ठेगाना :                                                    उमेर

शैक्षिक योग्यता                                              लिङ्ग

हस्ताक्षर

१. यहाँले वि.व्यस. अध्यक्ष पदमा कहिलेदेखि कार्यभार सम्हाल्दै आउनु भएको छ ?

.................................................................................................

२. विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदाको वर्तमान अवस्था के कस्तो रहेको छ ?

.....................................................................................................................

३. अंग्रेजी माध्यम र नेपाली माध्यमबाट शैक्षिक उपलब्धिमा के कस्तो पाउनु भएको छ ?

................................................................................................................

४. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा के कस्ता समस्याहरु रहेको पाउनु भएको छ ?

...........................................................................................................

५. अंग्रेजी माध्यमबाट विद्यार्थीलाई अध्यापन गराउँदा शैक्षिक उपलब्धि वृद्धि हुन नसक्नुका कारणहरु के के हुन सक्छन् ?

................................................................................................

६. भोलिका दिनमा के कस्ता कार्यकलाप गर्न सकेका खण्डमा शैक्षिक उपलब्धिलाई अरु वृद्धि गर्न सकिन्छ ?

............................................................................................

७. विद्यालयमा अंग्रेजी माध्यमको शिक्षालाई प्रभावकारी बनाउनका लागि आर्थिक व्यवस्थापन के कसरी गर्दै आउनु भएको छ ?

...............................................................................................................

८. अंग्रेजी माध्यमबाट शिक्षण गर्नका लागि दरबन्दिका शिक्षकहरुबाट प्रयाप्त छ कि निजि स्तरका शिक्षकहरु राख्ने व्यवस्था गर्नु भएको छ?

.....................................................................................

७. विद्यालय व्यवस्थापन समितिका अध्यक्षका तर्फबाट विद्यालयमा शैक्षिक उपलब्धि वृद्धिका लागि यहाँले के कतो भूमिका निर्वाह गर्दै आउनु भएको छ ?

.....................................................................................

# अंग्रेजी  माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि

## अनुसूची-२

### प्रधानाध्यापकको लागि अन्तरवार्ता सूची

शैक्षिक योग्यता                                        लिङ्ग

हस्ताक्षर

१. याहाँले कहिले देखि प्र.अ.को जिम्मेवारी सम्हाल्दै आउनु भएको छ?

.........................................................................................

२. विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गर्दा शैक्षिक उपलब्धि के कस्तो पाउनु भएको छ?

.........................................................................................................

३. विद्यालयमा अंग्रेजी मध्यमबाट अध्यापन गराउनका लागि निजि स्तरबाट शिक्षक नियुक्ति गर्नु पर्ने अवस्था छ कि छैन ?

............................................................................

यदि छ भने के कसरी नियुक्ति गर्ने गर्नु भएको छ?

...................................................................................

४. विद्यार्थीको शैक्षिक उपलब्धि के कसरी वृद्धि गराउने भन्ने बारेमा समय समयमा छलफल तथा अन्तरक्रिया हुने गरेको छ ?

.....................................................................................................

५. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा के कस्ता समस्याहरु रहेको पाउनु भएको छ ?

.................................................................................................

६. अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा शिक्षकहरुले के कसरी अध्यापन गर्ने गर्नु भएको छ भन्ने बारेमा निरीक्षण तथा अनुगमन हुने गरेको छ कि छैन ?

.......................................................................................

यदि अनुगमन प्रभावकारी छैन भने प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ?

.................................................................................

६. अंग्रेजी माध्यमबाट अध्यापन गराउने शिक्षकहरुका लागि समय समयमा तालिम तथा पुनरतार्जगी तालिमको व्यवस्था हुन सकेको छ ?

.................................................................................

७. अंग्रेजी माध्यमबाट अध्यापन गराएर शैक्षिक उपलब्धि गराउनका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

# अंग्रेजी माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि

## अनुसूची-३

### शिक्षकका लागि अन्तरवार्ता सूची

शैक्षिक योग्यता लिङ्ग

हस्ताक्षर

१. यहाँले विद्यालय कुन विषय अध्यापन गराउँदै आउनु भएको छ ?

..........................................................................................

२. तपाईंको विद्यालयमा अंग्रेजी माध्यमबाट विद्यार्थीहरुलाई अध्यापन गराउँदा कुन माध्यमका विद्यार्थीको शैक्षिक उपलब्धि राम्रो पाउनु भएको छ ?

..........................................................................................

३. विद्यार्थीको शैक्षिक उपलब्धि के कसरी वृद्धि गराउने भन्ने बारेमा समय समयमा छलफल तथा अन्तरक्रिया हुने गरेको छ ?

..........................................................................................

४. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा के कस्ता समस्याहरु रहेको पाउनु भएको छ ?

..........................................................................................

५. विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गराउनका लागि समय समयमा तालिम तथा पुनरतार्जगी तालिमको व्यवस्था हुने गरेको छ ?

..........................................................................................

६. भोलिका दिनमा के कस्ता कार्यकलाप गर्न सकेका खण्डमा शैक्षिक उपलब्धिलाई अरु वृद्धि गर्न सकिन्छ ?

..........................................................................................

७. विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिका लागि शिक्षकको तर्फबाट यहाँले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ ?

......................................................................................................

# अंग्रेजी  माध्यमका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि

## अनुसूची-४

### विद्यार्थीका लागि अन्तरवार्ता सूची

१. तपाइँ कति कक्षामा अध्ययन गर्दै आउनु भएको छ ?

……………………………………………………………………………………

२. अंग्रेजी माध्यमबाट  अध्ययन गर्दा यहाँमा के कस्ता समस्याहरु रहेका छन् ?

……………………………………………………………………………………………………

३. शिक्षकहरुले गर्दै आएको अध्यापन कार्यप्रति तपाइँ सन्तुष्टि हुनुहुन्छ ?

…………………………………………………………………………………………………

४. सबै भन्दा बढी कुन विषय अध्ययन गर्न रुचाउनु हुन्छ ?

………………………………………………………………………………………………

५. तपाइँको शैक्षिक उपलब्धि विगतका कक्षाहरुमा भन्दा अहिले अध्ययन गरिरहेको कक्षामा बढ्दो वा घट्दो के कस्तो अवस्थामा रहेको छ ?

………………………………………………………………………………………………

६. यदि घट्दो अवस्थामा रहेको छ भने घट्नुका कारणहरु के के हुन सक्छन् ?

…………………………………………………………………………………………………

७ . अंग्रेजी माध्यमबाट अध्यापन गराउँदा के कस्ता समस्याहरु देखा परेका छन् ?

………………………………………………………………………………

८. शैक्षिक क्रियाकलापमा देखिएका समस्यालाई निराकरण गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु के के हुनसक्छन् ?

……………………………………………………………………………………………